का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ कात्तिक २०८१,
बिहीबार
14 November, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक २६५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



*माथिल्लो डोल्पा शे-फोक्सुण्डो गाउँपालिकास्थित डोल्पा जिल्लाकै सबैभन्दा पवित्र एवम् ऐतिहासिक ६७औं १२ वर्षे शेल्री डुग्ड्रा (शे) मेलामा रमाउँदै सहभागीहरु ।*
**तस्बिर : पेम्मा वाङछेन गुरुङ/मध्यान्ह**



# ऐतिहासिक यात्रा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ कात्तिक ।

क्रिकेटमा नेपालले एतिहासिक यात्रा तय गरेको छ । घरेलु मैदानमा युएइलाई हराउँदै पहिलो पटक नेपाल महिला विश्वकपमा छनोट भएको छ । युएइलाई हराउँदै नेपाल यु -१९ महिला टी-२० विश्वकप एसिया क्षेत्र छनोट भएको हो । युएइ विरुद्धको निर्णायक खेलमा नेपालले ८ विकेटको जित निकाल्यो । विश्वकपमा छनोट हुन युएइले नेपाललाई ८४ रनको सामान्य लक्ष्य दिएको थियो । नेपालले १४.४ ओभरमा २ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो । नेपालको जितमा ओपनर साना प्रभिनले ३५ रन खेलिन् । कप्तान पुजा महतोले २१ रन बनाइन । सावित्रा धामी १२ रनमा आउट भइन भने सोनी पाखीन १३ रनमा सीमित रहिन् ।

टस जितेर पहिले ब्याटिङ गरेको युएइले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८३ रन बनाएको थियो । युएईका कप्तान समाइराले ३१ रन बनाउँदा रिनिथा रञ्जिथाले २० तथा इन्दुजा नन्दकुमारी र लाभन्या केन्याले १०/१० रन बनाएका थिए । नेपालका लागि कृष्मा गुरुङले ४, रिया शर्मा र सिमाना केसीले समान २/२ तथा रचना चौधरीले १ विकेट लिएका थिए । बुधबारको जितसँगै नेपाल पहिलो पटक महिला विश्वकपमा छनोट भएको हो ।

एसियाबाट नेपाल छनोट भएसँगै विश्वकप खेल्ने सबै १६ टोलीको टुंगो लागेको छ । यू-१९ महिला टी-२० विश्वकप जनवरी १८ देखि फेब्रुअरी ७ सम्म मलेसियामा हुँदैछ । जसमा अघिल्लो संस्करणका शीर्ष १० टोली र आयोजक मलेसिया स्वतः छनोट भएका छन् । साथै, अघिल्लो पटक पृष्ठ २ मा

# धनराजसँग सोधपुछ

प्रहरीले धनराज गुरुङविरुद्ध जाहेरी भने दर्ता गरेको छैन । धनराजमाथि छानबिन प्रक्रिया अगाडि नबढाउन जाहेरी दर्ता नगरेको र बुधबार सोधपुछ गरेर साक्षीका रुपमा छुट दिने प्रयास गरेको हुन सक्ने कतिपयको आशंका छ ।



धनराजजीमाथि पनि अनुसन्धान र छानबिन हुनेछ । यदि तथ्य र प्रमाणले उहाँले गैरकानूनी काम गरेको देखाए उहाँमाथि कारबाही गरिनेछ ।

■ **रमेश लेखक**, गृहमन्त्री



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २८ कात्तिक ।

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ अनुसन्धानमा तानिएका छन् । ललितपुरको मितेरी सहकारीमा भएको अपचलनबारे अनुसन्धान गरिरहेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बुधबार गुरुङसँग सोधपुछ नै गरेको छ । गुरुङलाई केन्द्रीय अनुसन्धान ब्युरोमा बोलाएर सिआइबीले मध्यान्ह १२ बजेदेखि साँझ ५ बजेसम्म सोधपुछ गरेको हो । सीआईबीका अनुसार गुरुङसँग घटना विवरण कागज गराइएको छ । प्रहरीले अनुसन्धानका लागि चाहिने विषयमा गुरुङसँग बयान लिइएको हो । धनराजकी श्रीमती ज्योति गुरुङ पदाधिकारी रहेको मितेरी सहकारीमा १४ करोड बचत रकम अपचलन भएको संसदीय छानबिन समितिको निष्कर्ष छ । यही निष्कर्षका आधारमा संसदीय छानबिन समितिले गुरुङलाई छानबिनको दायरामा ल्याउन निर्देशन दिएको थियो ।

संसदीय छानबिन समितिले सहकारीको रकम अपचलन गर्ने कार्यमा संलग्न रहेको आशंकामा रास्वपा सभापति लामिछाने, कांग्रेस उपसभापति गुरुङसहित ५५ जनामाथि अनुसन्धान र कारबाही गर्न सरकारलाई निर्देशन दिएको थियो । समितिले सय दिन लगाएर गरेको अध्ययन अनुसन्धानको प्रतिवेदन सभापति सूर्य थापाले संसदमा पेश गरेका थिए । लगत्तै सभामुख देवराज घिमिरेले उक्त प्रतिवेदन कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन दिएका थिए । प्रतिवेदन कार्यान्वयनमा जाँदा लामिछाने मात्रै पक्राउ परेको भनेर विपक्षी दलहरूले समेत प्रश्न उठाउँदै आएका छन् । लामिछाने भने गत कात्तिक २ गते नै पक्राउ परेका थिए । उनी प्रहरी हिरासतमै छन् । पृष्ठ २ मा

## सहकारी संकट

# तीन क्षेत्रमा एकसाथ काम गर्दै सरकार



चाहे ती साना हुन्, चाहे ती ठूला हुन् । सानाठूला नभनि कानूनसम्मतरुपमा चलेका, राखिएका, गरिएका कामहरुमा प्रचलित कानूनको अधिनमा रहेर गर्ने कुरामा सरकारले फरक मत राख्दैन, अत्यन्तै जिम्मेवार भएर सरकारले काम गरेको छ ।

**अर्जुनप्रसाद पोखरेल**
**सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालया**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ कात्तिक ।

सहकारी ठगीमा ६ सय जनाभन्दा बढी कारबाहीमा परिसकेको सरकारी तथ्याङ्क छ । प्रधानमन्त्री केपी शर्मा ओलीले आफू नेतृत्वको सरकार गठन भएको एक सय दिन पुगेको अवसरमा राष्ट्रलाई सम्बोधन गर्ने क्रममा सहकारीको ठगी मुद्दामा पाँच सय ७५ जनाभन्दा बढी जेलमा रहेको बताएका थिए ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका अधिकारीहरू सहकारी ठगीमा कारबाही गर्ने मात्रै नभएर सरकार बचतकर्ताहरूको बचत फिर्ता गर्ने लगायतका कार्यमा अगाडि बढेको छ । विभिन्न सहकारीमा देखा परेको समस्या समाधान गर्नका लागि सरकारले आवश्यक कदम चालेको छ । साथै समस्याग्रस्त सहकारीको बचत फिर्ताको पहल आफैं लिएको छ । सहकारी संस्थाले सदस्यको बचत फिर्ता नगरेको, संचालकहरू फरार भएको वा सहकारी संस्था डुबेको अवस्थालाई ख्याल गरेर सरकार समस्या समाधानका लागि अग्रसरता लिएको बताउँछन् सहकारी मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेल ।

बुधबार प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा उनले सहकारी संकट समाधानका लागि सरकारले सरकारले तीन वटा क्षेत्रमा एकसाथ काम गरिरहेको बताए । 'एउटा- कानूनी कारबाही । यहाँहरुले सुन्नुभएको छ । आम मिडियामा आईरहेका विषयहरु हुन् । कारबाहीको क्रममा कतिपय पदाधिकारीहरु हिरासतमा हुनुहुन्छ । कतिपय साधारण तारेखमा बाहिर पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउदीमा ब्रासलेट र हाफपाइन्ट लगाउने कारबाहीमा मर्यादामा नरहे चर्को जरिवाना हुने दूतावासको चेतावनी

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, २८ कात्तिक

साउदी अरेबियास्थित नेपाली दूतावासले अमर्यादित पहिरन लगाएर तडकभडक नगर्न वैदेशिक रोजगारीसहित त्यहाँ रहेका नेपालीलाई आग्रह गरेको छ । मदिरा पिउने, चुरोट सेवन गर्ने, सुनको सिक्री, ब्रास्लेट र हाफपाइन्ट लगाएर हिँड्ने केही नेपाली जरिवानामा परेको सार्वजनिक भएपछि नेपाली दूतावासले सार्वजनिक मर्यादा र शिष्टाचारसम्बन्धी पहिरन तथा आचरण प्रदर्शन गर्नेसम्बन्धी जरूरी सूचना नै सार्वजनिक गरेर उक्त आग्रह गरेको हो ।

खुला परिवेशमा हुर्केर वैदेशिक रोजगारीमा गएका नेपाली युवाहरूले सार्वजनिक स्थलमा जाँदा नेपालमा जस्तै आफूखुसी पहिरन लगाउने, असभ्य व्यवहार र अनुशासनहीन गतिविधिहरू गर्ने क्रममा वृद्धि भएको बताइएको छ । कतिपय युवाले शरीरका विभिन्न भागमा अरेबियन संस्कृतिविपरीत अर्थ लाग्ने आकृतिका ट्याटुसमेत खोप्ने गरेको बताइएको छ ।

नेपाली दूतावासले साउदी कानूनअनुसार सार्वजनिक स्थानमा हाफपाइन्ट लगाएर हिँड्न, प्रार्थना समयमा ठूलो आवाजमा संगीत बजाउन प्रतिबन्ध गरिएको जनाएको छ । साउदीमा सार्वजनिक स्थानमा आउने सबैले नम्र लुगा लगाउनुपर्ने, पृष्ठ २ मा

### ६१५ नेपाली साउदीका विभिन्न जेलमा

**काठमाडौं/मस-** रोजगारी र राम्रो जीविकोपार्जनका अवसरहरू खोज्दै कडा कानूनी व्यवस्था भएको साउदी अरबमा पुगेका केही नेपाली अवैधरूपमा मदिरा उत्पादन र वितरणमा बद्नाम बनेका छन् । साउदी अरबमा मदिरामाथि कडा प्रतिबन्ध लगाइए पनि केही नेपाली कामदार पृष्ठ २ मा






मध्यान्ह
www.madhyanhadaily.com
२९ कात्तिक २०८१, बिहीबार
14 November 2024, Thursday

# ‘संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अर्घाखाँचीका १ सय ११ योजना कार्यान्वयनमा’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ कात्तिक




संघीय खानेपानी ढल व्यवस्थापन आयोजना अर्घाखाँचीले आर्थिक वर्ष २०८१/०८२ मा अर्घाखाँची, गुल्मी, पाल्पा गरी तीन जिल्लाका १ सय ११ आयोजनाहरु कार्यान्वयनमा ल्याएको छ।

आयोजनाको कार्य क्षेत्रभित्र पर्ने तीन जिल्ला अर्घाखाँची, गुल्मी, पाल्पा जिल्लामा योजनाका कामहरु अहिले निरन्तर रुपमा अगाडि बढेको आयोजनाका सिनियर डिभिजन इन्जिनियर अरुण खरेलले जानकारी दिए।

खरेलका अनुसार तीन जिल्ला हेर्ने यस आयोजनाको कार्यक्षेत्रभित्र खानेपानी सेवा विस्तार तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत अर्घाखाँचीमा १६ गुल्मीमा २८ पाल्पा मा १४ गरी ५८ योजनाहरु छन् भने खानेपानी गुणस्तर तथा सुधार कार्यक्रममा ८ योजना समावेश छन्। जलवायु अनुकुलित बृहत खानेपानी आयोजना २७ र ढल निर्माण तथा प्रशोधन कार्यक्रममा तीन योजना खानेपानी सरसफाइ सह-लगानी कार्यक्रममा २ योजना तथा केन्द्रीय खानेपानी आयोजना १५ वटा गरी ३ जिल्लामा १ सय ११ योजना छनोटमा परेका थिए ।

तीन जिल्ला बहुवर्षीय योजनाहरु हाडेखोला चिदिका बृहत पम्पिङ खानेपानी योजना सुवणखाल सितापुर ठाडा सिमलपानी खानेपानी योजना अर्घाखाँची बर्तुङ खानेपानी योजना, पाल्पा रेसुङ्गा खानेपानी योजना गुल्मीको काम यस आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न हुने र उपभोक्तालाई मिटरसहितको धारा जडान गरिने आयोजना प्रमुख खरेलले मध्यान्हलाई जानकारी दिए।

यी योजनाहरुसहित साना योजना सम्पन्न हुँदा अनुमानित यस वर्ष ३७९० परिवार लाभग्राही तथा ७७४ घरधुरीले खानेपानी १ घर १ धारा योजना अन्तर्गत लाभान्वित हुने प्रमुख खरेलको भनाइ छ।

योजनाहरु धेरै बहुवर्षीय छन्। यस आर्थिक वर्ष २०८१/०८२ मा श्रोत सुनिश्चितताका लागि दमकडा लिफ्ट खानेपानी आयोजना पाल्पा भुरुङ खोला, फुदबाङ खानेपानी योजना सन्धिखर्क खिल्जी साम्नेगाउ बृहत खानेपानी योजनामा बजेट परेपनि उक्त रकम न्यून रहेकोले ठेक्का लगाउनका लागि अर्थमन्त्रालयमा सहमतिका लागि फाइल पेस भएका छन्। अर्थमन्त्रालयले ठेक्का लगाउने सहमति दिएमा यस वर्ष बहुवर्षीय योजनाको रुपमा यी योजना कार्यान्वयनमा जाने प्रमुख खरेलले बताए।

अर्घाखाँची जिल्लामा आयोजनाको मुख्य कार्यालय भएपनि अर्घाखाँची भन्दा योजनाहरु गुल्मी र पाल्पामा धेरै छन्। यस आयोजनामा प्रमुखको रुपमा १ महिना अगाडि इन्जिनियर अरुण खरेलले जिम्मेवारी सम्हालेपछि कामले द्रुत गति लिएको कार्यालयका लेखा प्रमुख बालकृष्ण भट्टराईले जानकारी दिए। आयोजना तीन जिल्ला हेर्ने ठूलो कार्यालय भएपनि यहाँ दरबन्दी अनुसारका कर्मचारीहरु छैनन् । कार्यालयमा प्राविधिक कर्मचारी नभएको अवस्थामा थोरै जनशक्तिले गत वर्ष पनि ९२ प्रतिशत आर्थिक र ८८ प्रतिशत भौतिक प्रगति देखाउन कर्मचारी सफल भएका थिए। गत वर्ष २०८०/०८१ मा संघीय खानेपानी ढल व्यवस्थापन कार्यालयको उपलब्धी अन्य जिल्लाका आयोजनाको भन्दा राम्रो भएको संघीय खानेपानी मन्त्रालयको दाबी छ। कर्मचारीहरु अहिले पनि दिन रात नभनी खटिएर काम शुरु गरेका छन्।

‘तीन जिल्लामा फिल्ड हेर्नुपर्छ। म दैनिक फिल्डमा पुगेर गुणस्तरीय काम गराउनका लागि खट्ने गरेको छु। यो आर्थिक वर्ष मा १०० प्रतिशत प्रगति देखाउने गरी काम गर्ने लक्ष्य लिएको छु,’आयोजना प्रमुख खरेलले भने।

उनले भने थपे, ‘म जहाँ जान्छु, त्यहाँ नमुना बनाउँछु। मैले भष्टाचार मुक्त शून्य सहनशिलता पारदर्शी कार्यालय बनाउने प्रयासमा छु।’

विगतका वर्षमा लगाइएका वहुवर्षीय ठेक्काहरु पनि यो वर्ष आंशिक रुपमा सन्तोषजनक प्रगति भएको आयोजनाका प्रशासन प्रमुख कृष्ण बर्माले बताए।

बहुवर्षीय योजनाको काम पनि तीन जिल्लामा द्रुत गतिमा अगाडि बढिरहेका छन्। कार्यालय प्रमुखले राम्रोसँग काम गर्न सहजीकरण गर्ने गरेको कारण धेरै काम गर्न सजिलो भएको भूमीकास्थान नगरपालिका वडा नम्बर १० का वडाध्यक्ष खगिश्वर पन्थीले दाबी गरे। अर्घाखाँचीमा भन्दा धेरै ठूला योजनाहरु गुल्मी जिल्लामा छन् भने अर्घाखाँची जिल्लामा पनि ठूला योजनाहरुको काम अगाडि बढ्ने तयारीमा रहेको कार्यलयका प्रशासन प्रमुख बर्माले बताउँछन्। बर्माले भने,‘ कार्यालयमा डिभिजन इन्जिनियरसहित ४ जना इन्जिनियरको दरबन्दी भएपनि हालसम्म १ इन्जिनियर १ कार्यालय प्रमुखले तीन जिल्लाका १११ योजनाहरुको फिल्ड निरीक्षण गर्ने, बिल बनाउने नापजाँच गर्ने गरेका छन्। अर्घाखाँची जिल्लामा ढल व्यवस्थापनको समेत काम गर्ने गरी स्थापना भएको यस आयोजनाबाट ढल निकासको काम खासै हुन नसकेको कर्मचारीहरु बताउँछन्। अर्थमन्त्रालयले ठेक्का निकाल्न सहमति नदिँदा तीन जिल्लाका ठूला योजनाहरु अलपत्र पर्ने गरेका छन्। गत वर्ष छत्रकोट बृहत पम्पिङ खानेपानी योजना गुल्मी तानसेन काली गण्डकी, पाल्पा बृहत पम्पिङ खानेपानी तथा सरसफाइ योजना सम्पन्न हुँदा त्यहाँका हजार घरधुरी लाभान्वित भएका छन् भने सबै साना योजना अहिले निरन्तर चलिरहेको योजना प्रमुख खरेलले मध्यान्हलाई जानकारी दिए।

# भारतीय स्थल सेनाध्यक्ष द्विवेदी नेपाल आउँदै



**काठमाडौं/मस-** प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा भारतीय स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी मंसिर ५ गतेबाट मंसिर ९ गतेसम्म नेपाल भ्रमणमा आउने भएका छन्।

भ्रमणका क्रममा जनरल द्विवेदीले सैनिक मञ्च टुँडिखेलस्थित वीर स्मारकमा श्रद्धाञ्जली अर्पण, जङ्गी अड्डामा सम्मान गारत निरीक्षण, प्रधान सेनापति सिग्देलसँग भेटघाट एवम् छलफललगायत कमाण्ड तथा स्टाफ कलेजका शिक्षार्थीहरुसँग अन्तरक्रिया र पश्चिम पृतना हेडक्वावार्टरको भ्रमण गर्ने कार्यक्रम रहेको छ।

भ्रमणका क्रममा नेपाली सेना र भारतीय सेनाबीचको परम्पराअनुसार भारतीय सेनाध्यक्ष जनरल द्विवेदीलाई राष्ट्रपति रामचन्द्र पौडेलले मंसिर ६ गते एक विशेष समारोहका बीच नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्ने कार्यक्रम रहेको छ।

साथै उनले आफ्नो भ्रमणको दौरान प्रधानमन्त्री केपी शर्मा ओली तथा रक्षामन्त्री मानवीर राईसँग औपचारिक भेटघाट गर्ने कार्यक्रम समेत रहेको छ।

# विद्यालय समायोजनमा स्थानीय सरकार: निर्णय गर्न हतार, कार्यान्वयनमा लाचार

**ललित बोहरा/मध्यान्ह**
बैतडी, २८ कात्तिक



बैतडीका अधिकांश स्थानीय तहले विद्यालय शिक्षामा प्रभाव बढाउन चाहेका छन्। शिक्षाको गुणस्तर सुधार गर्न यहाँका स्थानीय तहले विद्यालय मर्जदेखि परीक्षामा कडाइ गर्नेसम्मका कार्यहरु गरेका छन्। शिक्षा क्षेत्रका निर्णयमा जिल्लाको केन्द्र बिन्दुमा रहेको पाटन नगरपालिकाका पहिलो नै छ। त्यसपछि सुर्नया गाउँपालिका, तर कार्यान्वलयमा जटिलता स्थानीय तहमा रहेका छन्।

पाटन नगरपालिकामा २०७९ सालमा आएका जननिर्वाचित जनप्रतिनिधिले पदभार ग्रहण गरेको केही महिनापछि नै शिक्षामा आमुल परिवर्तन गर्ने निर्णयसँगै विद्यालय मर्जदेखि बालविकास सहजकर्तादेखि शिक्षकसम्मको दरबन्दी मिलान सरुवा लगायतका विषयमा बृहत छलफल गरेर शिक्षा समितिले निर्णय गरेको थियो।

२०७९ सालमै पाटन नगरपालिकामा रहेका विद्यालय मर्ज र नगर स्वंमसेवक शिक्षक बाल विकासलाई सरुवाको ड्राप्ट नै शिक्षक-शिक्षकको हातमा पुग्यो। तर राजनीतिक शक्ति भएका वडाध्यक्ष भएको विद्यालय मर्ज हुन सकेनन् भने वडा नम्बर ५ र ७ मा तीन विद्यालय सहजै मर्ज र तह घटाउनेमा परे।

२०७९ साल ४ महिना ६ गते पाटनको नगर शिक्षा समितिको निर्णय कार्यान्वयमा बिलम्ब भयो। पछिल्लो समय विद्यालयलाई पाटन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले २०८१ साल १ महिना १६ गते पत्र लेख्दै विद्यार्थी विवरण माग गरेको छ। नगर शिक्षा समितिको बैठक २०८१ साल १ महिना ११ गतेको निर्णय अनुसार तोकेको मापदण्ड बमोजिम विद्यार्थी संख्या नभएका विद्यालयलाई मर्जका लागि विद्यालयबाट २०८१ साल १ महिना ३० गतेसम्म विद्यार्थी संख्या माग गर्न निर्णय भएको पत्रमा उल्लेख गरेका छन्। नगर शिक्षा समितिका अधिकांश निर्णय हुबहु कार्यपालिकाले पारित गर्ने गरेका छ। त्यो पत्र विद्यालयलाई पुग्यो तर फेरि कार्यान्वयमा चासो कसैको देखिएन।

त्यसपछि २०८१ साल ३ महिना ३ गते शिक्षा शाखाले सम्पूर्ण सामुदायिक विद्यालयलाई शिक्षक र विद्यार्थीको विवतरण यर्थाथ, सत्य, तथ्य यथाशिघ्र पठाउन तथा अनलाईनमा प्रविष्ट गर्ने पत्रमार्फत भनेको छ। दुई दिनको समय दिएको पत्रमा ३ महिना २९ गतेको नगरकार्यपालिको निर्णय अनुसार विद्यालय समायोजना सम्बन्धी आवश्यक कार्यका लागि ४ महिना १ गतेभित्र सबै विद्यालयका शिक्षक र विद्यार्थीहरुको यर्थाथ, सत्य, तथ्य यथाशिघ पठाउनुका साथै इएमआइएस प्रविष्ट गर्ने पत्रमा भनिएको छ।

एकपछि अर्को नगरपालिकाले निर्णय गरेको छ। तर नगरपालिका बैठकमा सबै सहमत हुन्छ, वडा वा बैठकबाट बाहिर आएपछि राजनीतिक स्वार्थमा जोडिएका देखिन्छन्। कार्यान्वयमा स्थानीय सरकार लाचार भएको छ। पछि आउने जटिलतालाई मध्येनजर नगरेरै गरिने निर्णय पालिका आफुले गरेका निर्णय आफु नमान्ने भएको छ। शिक्षा क्षेत्रका मात्र हैन अन्य क्षेत्रका समेत स्थानीय तहको कार्यपालिकाले निर्णय गरेर कार्यान्वय नगरेपछि सिंगो कार्यपालिकाको गरिमामा आँच आउने थालेको छ।

विद्यार्थी संख्या कम भएका विद्यालयलाई अनुदान रकम नदिने पत्र बैतडीको पाटन नगरपालिकाले विद्यार्थी संख्या कम भएका विद्यालयलाई नगर अनुदान नदिने निर्णय गरेको खुलेको छ। गत असोज १० गते बसेको नगर कार्यपालिकाको बैठकले विद्यार्थी संख्या मापदण्ड अनुसार नभएका विद्यालय नगर अनुदान नदिने निर्णय गरेको पत्र विद्यालयहरुलाई पठाएको छ।

नगरकार्यपालिको निर्णय नम्बर ६ लाई कोट गर्दै असोजमा पठाउनुपर्ने पत्र कात्तिक ४ गते नगरपालिका शिक्षा शाखा प्रमुख ललित कुमार पाण्डेयले विद्यार्थी संख्या मापदण्डको परिधिभित्र रहने गरी नगर शिक्षकलाई असोज मासन्तपछि अवकास नदिएमा व्ययभार विद्यालयले नै लिनुपर्ने भनेको छ। दुई नगर शिक्षा दिएकोमा कुन नगर शिक्षक हटाउने केही निर्णय भएको भए खुलाएको छैन् भने असोज मसान्तबाट लागु गर्नुपर्ने पत्र कात्तिक ४ गते विद्यालयलाई पठाएको छ। यो समयमा अधिकांश विद्यालय बन्द थिए।

विद्यार्थी संख्या मापदण्डमा बाल विकासमा न्यूनतम २५ जना, कक्षा १ देखि ३० जना, कक्षा १ देखि ५ सम्म ६५ जना, कक्षा १ देखि ८ सम्म १ सय १० जना, कक्षा १ देखि १० सम्म १ सय ७० जना कक्षा १ देखि १२ सम्म २ सय १० जना राखेको छ। सो सख्या भन्दा काम भएका विद्यालयलाई नगर कोट घटाउने छ।

नगरपालिकाले यो मापदण्ड नगर कार्यपालिकाबाट पारित गरेपनि कार्यान्वय गर्न सकेको छैन्। यो पत्रले अधिकांश नगर शिक्षक र कम विद्यार्थी संख्या नभएका विद्यालय अलमलमा छन्। विद्यालयले नगरपालिकालाई ढिलो निर्णय गरेकाले कार्यान्वयमा समस्या भएको बताए। शैक्षिक शत्र शुरु भएको ६ महिनापछि निर्णय आएको छ, शिक्षक घटाउने की विद्यार्थी घटाउन अब विद्यालयहरुलाई समस्या आएको कृष्ण मावि पाटनका प्रधानाध्यापक वीरेन्द्र केसीले बताए। उनले भने, ‘समयमा निर्णय आएन विद्यालयलाई न उताको न उताको बनाइदियो, सुझाव पनि संकलन हुँदैन् सिधैं निर्णय गरेका छन्। एक/एक गाउँ गरेर शिक्षकले विद्यार्थी संख्या पढाउन खोजर विद्यार्थी भर्ना गरेका छन्। बृहत छलफल भएरै नगरपालिको व्ययभार कम गर्न कार्यपालिकाले निणर्य गरेको कार्यपालिका सदस्य तथा वडाध्यक्ष फुनी बोहराले बताए। उनले भने, ‘मेरो वडामा विद्यार्थी संख्या कम भएका विद्यालय मर्ज भएका छन् शिक्षक पाल्नु परेका छैन्। कम विद्यार्थी संख्याले तह घटाउने की ?, मर्ज गर्ने अनिर्वाय गर्नुपर्छ निर्णय मात्र गरेर हुँदैन्।’

विद्यार्थी संख्या कम भएको विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवारी, अभिभावकहरुलाई जिम्मेवार बनाउन यो निर्णय गरिएको सामाजिक विकास समिति संयोजक हरिष बिष्टले बताए। उनले निर्णय कार्यालय कडा रुपमा हुने बढी जनगुनोसो आएमा नगर सभामा पेश गर्ने विषयमा समेत छलफल भइरहेको बताए। ‘विद्यार्थी नभएको ठाउँमा शिक्षक राखेर नगरपालिकाको व्ययभार बढी भएकाले कार्यपालिकाले सिंगो कार्यपालिकाले निर्णय गरेको हो’ उनले भने, ‘कार्यपालिकामा सबैलाई थाहा छ नेकपा माओवादीका पनि छन्, कांग्रेस, एमाले सबै पार्टीका छन्। यसरी राजनीति शिक्षामा गर्नु हुँदैन्।’ संयोजक बिष्टका अनुसार नगरपालिकाले बढीमा १२ जना नगर शिक्षक सेवाबाट बाहिरिने आँकलन गरिएको छ। संघको अनुदान पनि आएको छ। त्यसमा प्राथमिता दिन सकिन्छ।

विद्यालय समायोजन, तह घटाउन र मर्ज नगरपालिको बाध्यता रहेको उपप्रमुख कमल सिंह बाहराले बताए। उनले भने, ‘पहिलो कुरा विद्यार्थी भएको स्कुलमा शिक्षक प्रयाप्त छैनन् जहाँ शिक्षक छन्, त्यहाँ विद्यार्थी छैनन्। संघीय सरकारले दरबन्दी विद्यार्थीको आधारमा मात्रै दिन्छ, यता विद्यालय खोलेकै आधारमा शिक्षक कोटा दिएर स्थानीय तहलाई भार भएको छ।’

उपप्रमुख बोहराले थपे, ‘हाम्रो पालिकासँग आन्तरिक स्रोत धेरै छैन। संघीय प्रदेश समानीकरणको रकम शिक्षक तलबमा खर्च गर्न नमिल्ने हो। हामीले विगतमा यो गरेको कारणले वर्षौदेखि महालेखाले बेरुजु देखाएको छ। यसकारण विद्यार्थी भएको विद्यालयलाई बलियो बनाउने र शिक्षाको गुणस्तरका साथै पालिकालाई थप व्ययभार कम गर्न यो निर्णय भएको हो कार्यान्वयन हुन्छ।’ पाटन नगरपालिकामा ६२ विद्यालय छन्। १ देखि ५ कक्षा पढाउने विद्यालयमा ७ जना विद्यार्थी छन्। जहाँ ३ जना शिक्षक छन् भने बढी हुने विद्यालयमा ४ सय विद्यार्थी छन्। जहाँ १६ जना शिक्षक छन्।

# पत्रकार भुलको हत्यामा संलग्नलाई कानुनी दायरामा ल्याउनुपर्ने माग




**काठमाडौं/मस-**नेपाल पत्रकार महासंघले पत्रकार सुरेश भुलको हत्यामा संलग्नलाई यथाशीघ्र कानुनी कारबाहीको दायरामा ल्याउन माग गरेको छ। महासचिव रोशन पुरीले बुधबार विज्ञप्ति जारी गरी भुलको कुटपिटबाट निधन भएको घटनाप्रति भर्त्सनासमेत गरेको छ।

राष्ट्रिय दलित पत्रकार संघ, कैलालीका सहसचिव समेत रहनुभएका कैलालीको गौरीगंगा नगरपालिका-११ कान्तिपुर टोल बस्ने भुललाई यही कात्तिक २५ गते साँझ ५ बजेतिर सामान्य विवादमा सोही ठाउँको एक समूहले निर्मम कुटपिट गरेको जानकारीमा आएको महासंघले जनाएको छ।

कुटपिटबाट गम्भीर घाइते सुरेशको धनगढीस्थित निसर्ग अस्पतालमा उपचारको क्रममा २६ गते बिहान मृत्यु भएको हो। महासंघले पत्रकार भुलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदनासमेत प्रकट गरेको छ।

‘घटनाको अनुसन्धानका लागि महासंघले केन्द्रीय सचिव हेमकर्ण विकको संयोजकत्वमा मिसन टोली खटाएको छ, मिसन टोलीले आजैदेखि कार्य थालनी गरेको छ, टोलीले १५ दिनभित्र घटनाको सत्यतथ्यसहितको प्रतिवेदन पेस गर्नेछ’, विज्ञप्तिमा भनिएको छ।

## ऐतिहासिक...

विश्वकप खेलेका अष्ट्रेलिया, बंगालदेश, इंग्ल्याण्ड, भारत, आयरल्याण्ड, न्युजिल्याण्ड, पाकिस्तान, दक्षिण अफ्रिका, श्रीलंका र वेष्ट इन्डिज सोझै छनोट भएका छन्।

नेपालसहित नाइजेरिया, समावा, स्कटल्याण्ड र अमेरिका क्षेत्रिय छनोटबाट आएका छन्। अमेरिकी क्षेत्रमा भने अन्य कुनै टिम नभएकाले अमेरिका छनोट नखेली स्वतः विश्वकप खेल्न छानिएको हो। युरोपियन क्षेत्रबाट छनोट भएर आएको स्कटल्याण्डले अघिल्लो पटक पनि विश्वकप खेलेको थियो। एसियाली क्षेत्रबाट अघिल्लो पटक नेपाल र थाइल्याण्डलाई पछि पार्दै यूएई विश्वकपमा पुगेको थियो। यस पटक भने यूएईलाई रोकेर नेपाल विश्वकपमा पुगेको छ।

## धनराजसँग...

लामिछाने गोरखा मिडिया नेटवर्कका प्रबन्ध निर्देशक रहेका बेला रकम अपचलन भएको आरोप छ। छानबिन समितिले विभिन्न सहकारीबारी गोरखा मिडिया नेटवर्कमा अवैधानिक रुपमा रकम प्रवाह भएको ठहर गरेको छ। संसदीय छानबिन समितिको प्रतिवेदनकै आधारमा रास्वपा सभापति रवि लामिछानेलाई सहकारी ठगीमा अनुसन्धानका लागि पक्राउ गरेपछि गुरुङलाई अनुसन्धानको दायरामा नल्याएको भनेर सरकारको आलोचना हो। यही बेला गुरुङसँग प्रहरीले सोधपुछ गरेको हो।

ललितपुर महानगरपालिका वडा नम्बर-५ स्थित महालक्ष्मीस्थानमा सञ्चालित मितेरी बचतको रकम अपचलन गरेको आरोपमा सहकारीका सञ्चालक ज्योति गुरुङ सहित ५ जना विरुद्ध जाहेरी परेको छ। ज्योति गुरुङ धनराजकी पूर्वश्रीमती हुन्। उनीहरूको बिच २०७६ फागुन २९ मा ललितपुर जिल्ला अदालतबाट सम्बन्ध विच्छेद भएको थियो। प्रहरीले गुरुङसँग सहकारीबाट लिएको ९१ लाख ऋण र सहकारीको रकम अपचलनमा श्रीमती संलग्न देखिएपछि सम्बन्ध विच्छेद गरेको बारे सोधपुछ गरेको हो। अनुसन्धान अधिकृतहरूका अनुसार सोधपुछका क्रममा गुरुङले मितेरी सहकारीले आफ्नो घर र परिवार क्षतविक्षत बनाएको बताएका छन्। धनराजले मितेरीबाट लिएको ऋण घर बेचेर तिरेको बताएका हुन्। उनकी श्रीमती गुरुङ र अर्का आरोपी ज्योति भण्डारीविरुद्ध इन्टरपोलबाट रेड नोटिस जारी भएको छ। यसअघि गृहमन्त्री रमेश लेखकले यही कात्तिक १४ गते पोखरामा धनराजबारे अनुसन्धान हुने बताएका थिए। ‘धनराजजीमाथि पनि अनुसन्धान र छानबिन हुनेछ। यदि तथ्य र प्रमाणले उहाँले गैरकानूनी काम गरेको देखाए उहाँमाथि कारबाही गरिनेछ,’ गृहमन्त्रीले भनेका थिए। गृहमन्त्रीले यस्तो दाबी गरे पनि प्रहरीले गुरुङविरुद्ध नै जाहेरी दर्ता गरेको छैन। धनराजमाथि छानबिन प्रक्रिया अगाडि नबढाउन जाहेरी दर्ता नगरेको र बुधबार सोधपुछ गरेर साक्षीका रुपमा छुट दिने प्रयास गरेको हुन सक्ने कतिपयको आशंका छ।

## सहकारी...

बस्नुभएको होला। कतिपय फरार हुनुहुन्छ’ सचिव पोखरेलले भने। सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोपमा ठूलो संख्यामा मानिसहरू आरोपित रहेको, कैयन प्रहरी हिरासतमा रहेको कैयनउपर अनुसन्धान चलिरहेको उनले जानकारी दिए।

दोस्रोमा कानून परिमार्जन, संस्थागत प्रबन्ध र तेस्रोमा कानून कार्यान्वयनलाई सरकारले प्राथमिकता दिएर तीन वटै क्षेत्रको कामलाई एकसाथ अगाडि बढाएको उनले बताए। सचिव पोखरेल सहकारीको वचत फिर्ताको सम्बन्धमा सरकारको भूमिकाबारे भने थप छलफल हुनुपर्ने बताए। संकटग्रस्त सहकारीका वचतकर्ताहरुको वचत रकम फिर्ता गर्ने कार्यलाई सरकारले प्रचलित कानून बमोजिम अघि बढाएको स्मरण गर्दै उनीले बाँकीका हकमा के गर्ने हो भनेर बौद्धिक सर्कलभित्र बहस आवश्यक रहेको बताए। कहिलेकाहीँ बुझाई सहकारीमा राखिएका सबै बचत सरकारले फिर्ता दिने हो भन्ने रहेको पाउने गरेको उल्लेख गर्दै यो विषय बौद्धिक सर्कलको बीचमा बहसको विषय बन्नुपर्ने बताए।

तथापि, सरकारले बचतकर्ताको बचत सुरक्षामा प्रचलित कानूनको अधिनमा रही सम्पूर्ण निक्षेपकर्ताहरुको वचत सुरक्षा गर्ने सन्दर्भमा अत्यन्तै गम्भिर भएर काम गरिराखेको उनको भनाइ छ। ‘चाहे ती साना हुन्, चाहे ती ठूला हुन्। सानाठूला नभनि कानूनसम्मत रुपमा चलेका, राखिएका, गरिएका कामहरुमा प्रचलित कानूनको अधिनमा रहेर गर्ने कुरामा सरकारले फरक मत राख्दैन, अत्यन्तै जिम्मेवार भएर सरकारले काम गरेको छ’ उनले भने। उनका अनुसार सरकारले सहकारी क्षेत्रको नियमनका लागि छुट्टै प्राधिकरण बनाउने कामलाई अघि बढाएको छ। सरकारले संकटउन्मुख सहकारीहरुको अवस्था बुझ्ने कामलाई पनि अघि बढाएको उल्लेख गर्दै सचिव पोखरेलले सरकारले सहकारीका समस्या ल्याउनेहरु उपर कानूनी कारबाही गरिरहेको दोहोर्‍याए।

## साउदीमा...

सामान्य शिष्टता उल्लंघन गर्ने फोटो, चित्र, चिह्न वा वाक्यांशहरू भएको पोसाक लगाउन नहुने प्रावधान छ। महिलालाई आफ्नो खुट्टाको कम्तीमा घुँडा र काँध देखिने पहिरन र जीन्स लगाउन प्रतिबन्ध छ। साउदीमा छालाको जति धेरै भाग छोपियो त्यति धेरै सभ्य मानिन्छ।

साउदीमा पुरुषहरूले टी-सर्ट लगाउन सक्ने भएपनि स्लिभलेस अर्थात बाहुला नभएको सर्टलाई अझै पनि नकारात्मकरूपमा हेर्ने गरिएको छ। थोब नामको स्थानीय पोसाक लगाउने आप्रवासीलाई साउदीमा प्रशंसा गर्ने गरिएको छ।

दूतावासले जारी गरेको सूचनामा भनिएको छ, ‘साउदी अरबको नियम र कानून उल्लंघन हुने गरी सार्वजनिक स्थलमा फोटो खिच्ने, सामाजिक सञ्जालमा लाइभ वा पोस्ट गर्ने जस्ता कार्यहरू गर्दा कडा कानूनी कारबाहीको सामना गर्नुपर्ने हुनसक्छ।’ दूतावासले यस्ता गतिविधिले साउदी समाजमा गलत प्रभाव पार्ने भएकाले सजग रहन आग्रह गरेको छ।

दूतावासले सबै नेपालीलाई सामाजिक मर्यादा र शिष्टाचार कायम गर्दै सार्वजनिक स्थलमा उच्च सतर्कता नअपनाइ स्थानीय धर्म, संस्कृतिविपरीतका कार्य, यौनजन्य गलत व्यवहार देखाएमा वा ट्राफिक नियम उलंघन गरेमा ठूलो जरिवाना हुने भएकाले सचेत हुन आग्रह गरेको छ।

## ६१५ नेपाली...

अवैध मदिरा उत्पादन र नाफाको प्रलोभनले बिक्रीमा संलग्न हुँदा जेल र चर्को जरिवानामा पर्ने गरेका छन्। परम्परागत नेपाली मादक पदार्थसँग उनीहरूको सांस्कृतिक, भावनात्मक सम्बन्ध भएपनि त्यसले उनीहरूलाई नाफा भन्दा बढी नोक्सान गरेको देखिएको छ।

लामो समयदेखि नेपालीको हकहितका लागि काम गरिरहेको नेपाली साझा मञ्च साउदी अरबका महासचिव राजु केसी जनचेतनाको कमीले अवैध मदिरा उत्पादन, बिक्री तथा सेवनले समस्या पारेको बताउँछन्। उनका अनुसार केही दिनअघिसम्म ६ सय १५ नेपाली अवैध मदिराको कारोबारसम्बन्धी मुद्दामा साउदी जेलमा पुगेका छन्।

केही दिनअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई ज्ञापनपत्र बुझाउँदै महासचिव केसीले जनचेतनाको कमीले नेपालीहरु साइबर अपराध, उत्पादन र मदिरापान, आत्महत्यालगायतका विभिन्न प्रकारका समस्यामा परेको देखिएको भन्दै समाधानका लागि नेपाल सरकार र साउदी अरेबियास्थित नेपाली दूतावासले जनचेतनामूलक विशेष कार्यक्रम नै सञ्चालन गर्न जरुरी रहेको भन्दै ध्यानाकर्षण गराएका थिए।

# प्रतिष्ठानको दीक्षान्त समारोह : पदाधिकारीको मनोमानी, जनप्रतिनिधि र पहलकर्ताको अपमान

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २८ कात्तिक

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोह प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त समारोहमा ५ वटा विधामा स्वर्ण पदकसहित ३० जना विद्यार्थी दिक्षित भएका छन् । प्रथम दिक्षान्त समारोहमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका संस्थापक पहलकर्ताहरु, सांसद तथा जनप्रतिनिधिहरुको अपमान गरिएको छ । नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओली उपस्थित प्रथम दीक्षान्त समारोह पहलकर्ताहरुको नाम पनि उच्चारण गरिएन भने जुम्लाका सांसद ज्ञानबहादुर शाहीले दिक्षान्त समारोहमा सुरक्षाका नाममा नागरिकहरुको सहभागितालाई प्रतिबन्ध लगाएकोमा आपत्ति जनाउँदै बहिस्कार गरेका थिए । तर दिक्षान्त समारोहमा जुम्लामा सांसद शाही, प्रदेश सांसद देवेन्द्रबहादुर शाही, टेकराज पछाई, संस्थापक पहलकर्ता नरेश भण्डारी, बलबहादुर महत, स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु सबैलाई मर्यादाविहीन ढंगले बस्नुपरेको थियो ।

प्रतिष्ठानको प्रथम दिक्षान्त समारोहलाई उच्च महत्व दिँदै सहभागी भएका जुम्लाका जनप्रतिनिधिको अपमान गर्नमा प्रतिष्ठानका पदाधिकारीहरुले योजनावद्ध उद्दत भएर राज्यको मर्यादाको उल्लंघन गरेका छन् । गुठीचौर गाउँपालिकाका अध्यक्ष दानबहादुर बुढाले प्राज्ञिक कार्यक्रममा प्रतिष्ठानका उपकुलपति र रजिष्ट्रारले नेकपा(एमाले) र केपी शर्मा ओलीकै नेतृत्वमा प्रतिष्ठानका सबै कार्य भएको उद्घोष गरेर कार्यक्रमलाई राजनीतिकरण गरेको टिप्पणी गरेका छन् । साथै प्रतिष्ठानका पहलकर्ता संस्थापकहरुको पनि अपमान भएको उनले बताए । तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले दीक्षान्त समारोहमा सहभागिता गराउँदा पनि विभेद गरिएको बताएका छन् भने सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले प्रतिष्ठान जस्तो प्राज्ञिक र बौद्धिक संस्थामा रजिष्ट्रारको नियुक्ति प्राज्ञिक व्यक्तिलाई गर्नुपर्ने आवश्यकता भएको बताएका छन् । रजिष्ट्रार प्रतिष्ठानजस्तो गरिमामय संस्थाको हितका निम्ति नभई राजनीतिकरणमा उद्दत भएको बताएका छन् भने निर्वाचित सांसदहरुलाई सिनेट सदस्य नभए पनि आमन्त्रित सदस्यका रुपमा सहभागी गराउनुपर्नेमा नगरिएकोमा यो गम्भीर आपत्तिको विषय भएको बताएका छन् ।

कर्णालीको पिछडिएको, गरिवी र अभावको बिम्ब फेर्ने ऐतिहासिक जिउँदो संस्था प्रतिष्ठानलाई आफ्ना आसेपासे भर्तिकेन्द्रमा फेर्नमा मदत्त प्रतिष्ठानका पदाधिकारीहरुले यसअघि दीक्षान्त समारोह स्थगित गरेपछि दीक्षित हुने विद्यार्थीहरुको सहभागिता पनि करिब ५२ प्रतिशत मात्र भएको छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई उच्च गौरवको अवसरका रुपमा लिएर सुर्खेतबाट आए पनि जनप्रतिनिधिहरुलाई प्रतिष्ठानका पदाधिकारीहरुले व्यवस्थापन मिलाउन नसकेको, स्वार्थ बाँफिएको मात्र होइन बाबुलाई छोरोले डोकोमा बोकेर फाल्ने नीति कथा प्रतिष्ठानले लागू गरेको उनले बताएका छन् ।

त्यस्तै कर्णाली प्रदेश सांसद देवेन्द्रबहादुर शाही, टेकराज पछाईलगायतका सांसद र जुम्लाका स्थानीय तहका जनप्रतिनिधि बस्ने कुर्चीको समेत व्यवस्था नहुँदा अलमलमा परेका थिए । नेपाली र अंग्रेजी भाषामा एमालेले सारा काम गरेको, वहाल उपकुलपति र रजिष्ट्रारले आफ्नै प्रशंसामा समय खेर फालेको देखेर स्थापनाको लागि संघर्ष गरेका संस्थापक परिकल्पनाकार नरेश भण्डारी दीक्षान्त समारोहबाट बाहिरिएका छन् । बलबहादुर महतले पहलकर्ताका लागि बस्नका लागि सिट व्यवस्थापन पनि नगरिएको भन्दै असन्तुष्टि प्रकट गरेका थिए ।

स्मरणरहोस् २०६४ सालको संविधानसभामा नरेश भण्डारी जुम्लाबाट निर्वाचित भएपछि जुम्लाका राजनीतिज्ञ, बुद्धिजीवी, समाजसेवीको अगुवाइमा प्रतिष्ठानको पहल समिति गठन भएको थियो । सो प्रतिष्ठानका कल्पनाकार भण्डारी त्यो समितिका संयोजक र सहसंयोजक बलबहादुर महत,गोविन्द शाही सहकोषाध्यक्ष यशोदा न्यौपाने कोषाध्यक्ष, क्षेत्रबहादुर बुढ्थापा सदस्य सचिव, नवराज न्यौपाने, खड्गबहादुर सेजुवाल, राजबहादुर महत, धिरेन्द्रराज गिरी, पदमबहादुर रोकाया, विष्णु तिमिल्सिना, लक्ष्मिकन्या बुढा, राजुसिंह कठायत, बिष्णुबहादुर बुढ्थापा, कालिबहादुर महत, भुवनसिंह सेजुवाल, अमरसिंह बुढ्थापा, भरत बुढ्थापा, भानु देवकोटा, अग्नी उपाध्याय, भवानीप्रसाद अधिकारी रहेका थिए ।

व्यवस्थापिका संसदमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी गैरसरकारी विधेयक २०६७ चैत १५ मा रायका लागि स्वास्थ्य तथा शिक्षा मन्त्रालयमा पठाइएको थियो । भण्डारीले दर्ता गरेको विधेयक सरकारले स्वामित्वमा लिएर २०६८ असोज ५ गते संसदबाट पारित भएको थियो ।



## विद्यार्थीलाई गुणस्तरीय स्वास्थ्य सेवा दिन अनुरोध

जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालको प्रथम दीक्षान्त समारोह सम्पन्न भएको छ । उक्त समारोहमा ५ वटा विधामा स्वर्ण पदक वितरण गरिएको छ भने ३० जना विद्यार्थी दीक्षित भएका छन् । प्रतिष्ठानका शिक्षाध्यक्ष डब्बल बहादुर धामीका अनुसार स्वर्ण पदक पाउने विद्यार्थीहरूमा बि.एम.एस.तर्फ रेणु कुमारी सिंह, सिर्जना न्यौपाने रहेका छन् भने बिपिएचतर्फका दिपेन्द्र जोशी र सुशील शाही तथा एम.डी./एम.एस. तर्फका बेद कुमार चौधरी रहेका छन् । ५८ जना विद्यार्थीलाई दीक्षित गरिने भनिए पनि ३० जना विद्यार्थीमात्र दिक्षित हुन आएका हुन् ।

शिक्षाध्यक्ष धामीले दीक्षान्त समारोहमा पाँच जना उत्कृष्ट विद्यार्थीलाई कूलपति स्वर्ण पदकले सम्मानित गरिएको बताए । उनका अनुसार स्वर्ण पदक पाउने यी विद्यार्थीहरूले उच्चतम अंक ल्याएका हुन् ।

प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रतिष्ठानका कूलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीले दीक्षित विद्यार्थीलाई गुणस्तरी स्वास्थ्य सेवा दिन अनुरोध गरे । उनले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई थप प्रभावकारीरुपमा सञ्चालन गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा दिइने बताए ।

त्यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले प्रतिष्ठानका समस्याप्रति सरकार जिम्मेवार रहेको बताए । उनले प्रतिष्ठानबाट दीक्षित हुने विद्यार्थीहरुलाई बधाई तथा शुभकामना व्यक्त गरे । सो अवसरमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवनिर्मित शैक्षिक भवनको प्रधानमन्त्री ओलीले उद्घाटन गरेका थिए ।

# संघीयताको मर्मअनुसार बागमती सरकार सञ्चालन भएन : माओवादी केन्द्र

**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, २८ कात्तिक



बागमती प्रदेश सरकार संघीयताको मर्म र भावना अनुरुप सञ्चालन नभएको माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलले बताएको छ ।

बुधबार माओवादी केन्द्र बागमती प्रदेश सभा दलले बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामालाई ज्ञापनपत्र बुझाउँदै प्रदेश ससरकारले प्रदेशका जनताको सेवा, विकास र आवश्यक्तालाई संबोधन गर्नुपर्नेमा सरकार भए/नभएको अवस्थामा पुगेको उल्लेख गरिएको छ । माओवादी केन्द्र बागमती प्रदेश सभा दलका नेता शालिकराम जम्कट्टेलसहितको सांसदहरुको टोलीले मुख्यमन्त्री लामालाई ज्ञापनपत्र बुझाएका हुन् ।

बागमती प्रदेश सभाको प्रमुख प्रतिपक्ष दलको हैसियतले सर्बदलिय सहमती एवम् निर्णय कार्यान्वियन नभएको र उक्त निर्णय कार्यान्वियन, योजनाबद्ध विकास निर्माण, सेवा प्रवाह, सहकारीको समस्या समाधान लगायत विभिन्न मागसहित मुख्यमन्त्री लामालाई ज्ञापनपत्र बुझाइएको माओवादी केन्द्र बागमती प्रदेश सभा दलका नेता शालिकराम जम्कट्टेलले बताए ।

ज्ञापनपत्रमा प्रदेशका दीर्घकालिन महत्वका योजनाहरुलाई बिनापूर्वाग्रह चालु आर्थिक वर्षमा विनियोजित बजेटको कार्यक्रमलाई प्राथमिकतमा राखी बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड अनुसार योजनाहरु अविलम्ब कार्यान्वयनमा ल्याउनुपर्ने, कार्य प्रगति न्यून भएका र सम्झौताका म्याद सकिएका तर सम्पन्न नभएका योजनाहरुको अबिलम्ब निर्णय गरी कार्य अगाडि बढाउनुपर्ने, प्रचलित ऐन, नियम तथा मापदण्ड अनुरुप न्यायोचित हिसावले कर्मचारी सरुवा गर्नुपर्ने र अस्थायी, करारका कर्मचारीहरुलाई बिनाकारण हटाउन दबाब दिने कार्य बन्द गर्नुपर्ने, समस्याग्रस्त सहकारीमा संलग्नहरुलाई राजनीतिक पूर्वाग्रह नराखी छानबिनको दायरामा ल्याउनुपर्ने, प्रदेश सरकार अन्तरगतका सहकारीमा देखिएका समस्या समाधानका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई प्रभावकारी बनाउनुपर्ने, विपदले जनधनको क्षति भएका प्रभावित जिल्लामा राहत र उद्दारका लागि बागमती प्रदेशको सर्वदलीय बैठकले गरेको निर्णय तत्काल कार्यान्वयन गर्नुपर्ने र गत असोज १२ गते पहिरोमा परी एन्फा एकेडेमी इन्द्रसरोवरका ६ जना प्रशिक्षार्थी खेलाडीहरुले ज्यान गुमाउनुपरेको घटनाको छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको ब्यवस्था गर्नुपर्ने लगायतका माग रहेको छ ।

सरकारको कामबाट जनता चरम निराशामा रहेका र कांग्रेस-एमाले गठबन्धन सरकारबाट सुशासनको अपेक्षा गर्न नसकिने प्रदेशसभा सदस्य कुमारी मोक्तानले बताइन् । सरकारको गलत कार्यको खवरदारी गर्नु प्रतिपक्ष दलको कर्तव्य भएकोले प्रदेश सरकारलाई सजग गराउन ज्ञापनपत्र बुझाइएको मोक्तानले बताइन् ।

सत्ता गठबन्धन परिवर्तन भएसँगै २०८१ साउन ९ गते बागमतीमा कांग्रेस-एमाले गठबन्धनको बागमती प्रदेश सरकार गठन भएको थियो । बागमती प्रदेशमा २१ सदस्यसहित माओवादी केन्द्र तेस्रो र सरकारको प्रमुख प्रतिपक्षी दलको रुपमा छ । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री लामाले प्रतिपक्षका रचनात्मक सुझाव अनुशरण गर्ने प्रतिबद्धता जनाए ।

# पशुलाई निर्दयी व्यवहार गरेको आरोपमा पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २८ कात्तिक



कपिलवस्तुका विभिन्न स्थानमा गोरु तस्करी भइरहेको सूचना पाएपछि प्रहरीले गोरु तस्करीमा संलग्न चार जनालाई नियन्त्रणमा लिएको छ ।

मंसिर २७ गते प्रहरी टोलीले एक ट्रकलाई रोकी जाँच गर्दा २४ वटा गोरुहरूलाई अत्यन्त निर्दयी तरिकाले बाँधेर यातना दिइएको अवस्थामा फेला पारेको थियो ।

गोरुहरूको पुच्छर बाँधेर झुण्ड्याइएको, नाक छेडेर डोरीले बाँधिएको, र केही गोरुहरूका सिङबाट रगत बगिरहेको अवस्थामा फेला परेका थिए । ट्रकको छत त्रिपालले ढाकिएको हुँदा गोरुहरूको श्वासप्रश्वासमा पनि अवरोध भइरहेको थियो । प्रहरीले तत्काल गोरुहरूलाई सुरक्षित स्थानमा सारेको जिल्ला प्रहरी कार्यलय कपिलवस्तुले जनाएको छ । लागुऔषधसहित पक्राउ यस्तै, कृष्णनगरमा १३,००० ट्रामाडोल क्याप्सुलसहित १९ वर्षीय सिकन्दर चौहानलाई पनि प्रहरीले पक्राउ गरेको छ । कृष्णनगर क्षेत्रको हनुमानगढीमा पैदल हिँडिरहेका चौहानलाई शंका लागि जाँच गर्दा ट्रामाडोल क्याप्सुलहरू बरामद भएका थिए । चौहानसँग एक थान मोबाइल फोन पनि बरामद गरिएको इलाका प्रहरी कार्यालय कृष्णनगरले बताएको छ ।

गिरफ्तार गरिएका पाँचै जनालाई ७ दिनको म्याद थप गरेर अनुसन्धान अघि बढाइएको छ । गोरु तस्करी र लागुऔषध तस्करी दुवै घटनामा संलग्न अन्य गिरोहका सदस्यहरूलाई पहिचान गर्न थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सामुदायिक र निजी विद्यालयका १५ हजार छात्रालाई आत्मरक्षा तालिम

**हमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २८ कात्तिक

वीरगञ्ज महानगरपालिकाले नगरक्षेत्रका सामुदायिक र निजी विद्यालयमा अध्यनरत छात्राहरुलाई कक्षा ६ देखि १२ सम्मका करिब १५ हजार छात्राहरुलाई आत्मरक्षा तालिम प्रदान गरेको छ ।

वीरगञ्जको आदर्शनगरस्थित रंगशालामा आयोजित उक्त कार्यक्रमको उद्घाटन खानेपानी मन्त्री प्रदीप यादवले गरेका थिए । सो कार्यक्रमको प्रशिक्षण सत्रमा भारतका प्रसिद्ध मार्शल आर्ट प्रशिक्षक डा. चिता यजनेश शेट्टीले छात्राहरुलाई आत्मरक्षाका विविध कला सिकाएका थिए । नेपाल भारत सहयोग मञ्चको समन्वयमा भएको यो तालिमले गिनिज बुक अफ वर्ल्ड रेकर्डमा वीरगञ्ज महानगरको नाम दर्ता गराउने लक्ष्य रहेको छ ।



मन्त्री यादवले तालिमको उद्घाटन गर्दै महिला सशक्तिकरणका लागि सरकार ठोस कार्यक्रमहरूसहित अघि बढिरहेको उल्लेख गरे । मन्त्री यादवले मन्तव्यको क्रममा तालिमले छात्राहरुलाई आत्मविश्वासी र सक्षम बनाउँदै महिला हिंसाका घटनाहरुको प्रतिकार गर्न प्रेरित गर्ने विश्वास व्यक्त गरे । साथै, भारतका ख्यातिप्राप्त प्रशिक्षकले नि:शुल्क प्रशिक्षण प्रदान गर्दा दुई देशबीचको सम्बन्ध थप बलियो हुने धारणा पनि मन्त्री यादवले राखे । त्यसैगरी वीरगञ्ज महानगर पालिकाका प्रमुख राजेशमान सिंहले यो तालिम वीरगञ्जका विद्यालयमा प्रत्येक हप्ता नियमित रुपमा सञ्चालन गरिने जानकारी गराए । उनका अनुसार १५ हजार एक सय छात्राहरुले तालिमका लागि नाम दर्ता गराएका थिए । सो विवरणसहित गिनिज बुक अफ वर्ल्ड रेकर्डमा पठाइसकिएको जानकारी समेत दिए ।

महानगर प्रमुख सिंहले महिलाहरुलाई रातको समयमा निर्धक्क हिँड्न सक्ने वातावरण निर्माणको प्रतिबद्धता व्यक्त गर्दै वीरगञ्जका छोरीले डर बिना हिँड्न सक्ने अवस्था सिर्जना गर्ने बताए ।

सो कार्यक्रममा वीरगञ्ज महानगर पालिकाका उपप्रमुख इम्तियाज आलमले छात्राहरुको हिम्मतलाई सराहना गर्दै आत्मरक्षाको सीपले उनीहरुलाई आत्मविश्वासी बनाउने बताए । अब सामुदायिक तथा निजी विद्यालयकामा हरेक शुक्रबार आत्मरक्षा तालिम शुरु गर्ने बताए । यो तालिमले छोरीहरुले भय मुक्त हिँड्ने बताए । तालिमका मुख्य प्रशिक्षक मास्टर चिताले आत्मरक्षाको कला भगवानको पूजा जस्तै पवित्र भएको उल्लेख गर्दै यसले संकटको बेला सहयोग पुग्ने बताए ।

उक्त कार्यक्रममा प्रतिनिधिसभा सदस्य प्रभु हजरा, प्रदेश सांसद वीणा शर्मा, प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, प्रहरी उपरीक्षक कुमोद ढुंगेल, भारतीय महावाणिज्य दूत देवी सहाय, र अन्य विशिष्ट व्यक्तिहरू वडा अध्यक्षहरु विभिन्न संस्थाका पदाधिकारीहरु लगायतको उपस्थिति रहेको थियो ।

# 'सहकारी ठगी गर्ने जोसुकैलाई कडा कारबाही गर्नुपर्छ'

**राहुल गुप्ता/मध्यान्ह**
वीरगञ्ज, २८ कात्तिक

नेपाली कांग्रेसका युवा नेता भूपेन्द्र जङ शाहीले खोरमा ठूलो स्वरमा कराउँदैमा स्याल बाघ नहुने भन्दै कटाक्ष गरेका छन् ।



हाल सहकारी ठगी प्रकरणमा प्रहरीको हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेप्रति इङ्गित गर्दै उनले सो कुरा बताएका हुन् ।

लामिछानेलाई पोखराबाट मंगलबार दिउँसो भैरहवा लगेर सरकारी वकिलको कार्यालयमा बयान लिइएको थियो । पहिलो दिनको बयान सकेर निस्कने क्रममा लामिछानेले बाघलाई खोरमा थुन्दैमा स्याल नहुने बताएका थिए । 'बाघलाई खोरमा थुन्दैमा स्याल हुँदैन', समर्थकलाई हात हल्लाउँदै लामिछानेले भने ।

पर्साको वीरगन्जमा आयोजित युवा संकल्प यात्राको कार्यक्रममा बोल्दै शाहीले सहकारीको रकम अपचलन गर्नेहरू जनतालाई भ्रमित पार्ने गतिविधि गर्दै न्यायालयलाई समेत प्रभावित पार्ने किसिममा गतिविधिमा संलग्न रहेको आरोप लगाए । उनले भने, 'खोरमा बसेर बाघ र स्यालको कुरा । एउटा कुरा रवि, छवि जो सुकै हुन्, सहकारी ठग्ने जुनसुकै दलका हुन्, उनीहरूलाई कडा कारबाही हुनुपर्छ । हाम्रो कुरा त्यो हो । खोरमा ठूलो स्वरमा कराउँदैमा स्याल बाघ हुन सक्दैन ।'

युवा संकल्प यात्रा अभियान मा नेपाली कांग्रेसका नेता रन्जित कर्ण, भूपेन्द्रजंग शाही, प्रेमिका रानामगर, गायीका सुष्मा शाही ठकुरी, सुवन गिरी, सुरेश डंगोल लगायत युवा संकल्प यात्राका ४० जना यात्री रहेका छन् । थप कार्यक्रम निर्धारित कार्यतालिका अनुसार नै सञ्चालन हुने अभियानका यात्री नेवि संघ केन्द्रीय सदस्य विनोद शाही ठकुरीले जानकारी दिए ।

# अर्घाखाँचीमा मामाले गरे भान्जाको हत्या

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ कात्तिक

अर्घाखाँचीमा मदिरा सेवन गरी मामा भान्जाबीच विवाद हुँदा मामाले भान्जाको हत्या गरेका छन् ।

हत्या आरोपमा अर्घाखाँचीको शितगंगा नगरपालिका वडा नम्बर ६ साना ढुंग्रेका ५३ वर्षीय झन्द्र बहादुर गाहालाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरु गरेको छ । उनले आफ्नै भान्जा तिलक रेश्मीको हत्या गरेको पाइएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले पत्रकार सम्मेलन गरी जानकारी गराएको छ ।

जिल्ला प्रहरी प्रमुख डीएसपी चक्र मल्लले जानकारी दिए । मंगलबार बिहान सानाढुंग्रेस्थित भिरपाखोमा ३५ वर्षीय रेश्मी मृत अवस्थामा भेटिएको पत्रकार सम्मेलनमा डिएसपी मल्लले बताए । मृत



फेला परेको भन्ने जानकारी पाउन साथ ईलाका प्रहरी कार्यालय ठाडाको टोली घटनास्थलमा पुगेको थियो । आरोपित गाहालाई पक्राउ गरी अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी बिष्णु प्रसाद पौडेलले जानकारी दिए । अनुसन्धानका क्रममा उनकै मामा गाहाले भान्जा तिलक रेष्मीको हत्या गरेको खुलेपछि पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक मल्लले पत्रकार सम्मेलनमा पुष्टि गरे । उनीहरु २६ गते साँझ ६ बजेतिरसँगै बसेर मदिरा सेवन गरेका थिए । मदिरा खाने क्रममा विवाद भएपछि गाहाले भान्जा रेश्मीलाई गाली गलौज गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको इलाका प्रहरी कार्यालय ठाडाका प्रहरी निरीक्षक रविन्द्र चन्दले जानकारी दिए ।साढे ६ बजेतिर रेश्मी मामा गाहाकै घरमा गएर मलाई किन गाली गरेको भन्दै विवाद गर्न पुगेको प्रहरीको अनुसन्धानमा खुलेको छ । त्यसपछि सोही राति ११ बजेतिर मामा गाहाले भान्जा रेश्मीको हत्या गरेको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ । राति अबेरसम्म रेश्मी घर नआएपछि परिवारका सदस्यले साथीकोमा गए होलान् भन्दै खोजी नगरेको पारिवारिक श्रोतले जनाएको छ ।

हत्यापछि मनोजबहादुर गाहाको खर्यान भिरपाखामा लगेर मामाले शव फालेको खुलेको छ । रेश्मीलाई ढुंगा प्रहार गरेर हत्या गरेको प्रहरीले दाबी गरेको छ । पक्राउ परेका गाहालाई कर्तव्य ज्यानको कसुरमा जिल्ला अदालत अर्घाखाँचीबाट म्याद थप गरी अनुसन्धान अघि बढाएको छ ।

Urgently Required
A well established foreign employment company is Join our Team.
PRO (Public Relations Officer) (Male) 3 Nos.
Requirement : Fulfilling Demand.
Attractive Salary & Bounse for the deserving candidate.
Euro Asia H.R. Solutions Pvt. Ltd.
Samakhushi, Kathmandu, Tel : 01-4380875
9851042984, Email:eurosiaktm@gmail.com
Govt. Lic: 1162/073/74

## सम्पादकीय

# त्याग्नुपर्ने निन्दाको राजनीति

गालीको राजनीति फेरि चर्कने संभावना बढेर गएको छ । किनकि आगामी १६ मंसिरमा उपचुनाव हुँदैछ । यो उपचुनाव जित्न नेताहरूले अपनाउने विकल्पहरू मध्ये इतर पार्टीको कमजोरी सार्वजनिक गर्नु पनि एक हो । त्यसैले जनतासँग मतको अपिल गर्दा दलहरूले अरूलाई गाली गर्ने गर्छन् । यो परम्परागत शैली हो । तर उपचुनाव नजिकिदै गर्दा नेताहरूको आक्रोश बढेर गएको देखिन्छ । विपक्षी दलका नेताहरूले सत्तारूढ र सत्तारूढ नेताहरूले विपक्षी नेताहरूको आलोचना गर्न थालेका छन् । सुर्खेत पुगेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओली सहित नेकपा एमालेका केही नेताहरूलाई गणतन्त्र विरोधीको सार्वजनिक आरोप लगाए । प्रधानमन्त्री ओली, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, नेता मुकुन्द न्यौपानेले गणतन्त्रबारे पार्टीले निर्णय गर्दा फरक मत दर्ज गरेको माधव नेपालले बताएका थिए । यस्तो अभिव्यक्तिबाट एमाले नेताहरूमा समेत आक्रोश देखिएको छ । यद्यपि माधव नभएर एमाले नेताहरूको निशानामा माओवादी नेताहरू छन् ।

विराटनगर पुगेका एमाले महासचिव शंकर पोखरेलले प्रचण्डलाई सबक सिकाउन कांग्रेससँग सहकार्य गर्नुपरेको सार्वजनिक टिप्पणी गरे । सँगै साना दलहरू लोकतन्त्रकै लागि खतरा रहेको निष्कर्ष पनि उनले सुनाए । सरकारबाट हट्नु परेपछि प्रचण्डले लगातार वर्तमान सरकारविरोधी टिप्पणी गरिरहेका छन् । ओलीलाई प्रधानमन्त्री बनाउने कांग्रेस–एमालेको निर्णयलाई प्रचण्डले दलालहरूसँगको सम्झौता भनिरहेका छन् । ठूला ब्यापारीहरूले आफू नेतृत्वको सरकार ढालेको प्रचण्डले बारम्बार आक्रोश पोख्ने गरेका छन् । नयाँ भनेर उदाएको रास्वपाका नेताहरूको अभिव्यक्ति झनै चर्को छ । सहकारी बचत रकम अपचलन मुद्दामा पक्राउ पर्नुअघि रास्वपाका सभापति रवि लामिछानेले गैरराजनीतिक अभिव्यक्ति दिएका थिए । वर्तमान सरकार मरेकाले रास्वपालाई शोक परेको टिप्पणी लामिछानेले गरेका थिए । उक्त पार्टीका नेताहरूको आरोप सार्वजनिक मर्यादा बाहिर छन् ।

एकले अर्कालाई चर्को आरोप लगाउँदा त्यसको क्षणिक लाभ नेताहरूले पाउने हन सक्छ । त्यसैले विगतदेखि आरोपको राजनीति चल्दै आएको छ । तर समग्रमा निन्दाको राजनीतिले मुलुकलाई सही ठाउँमा लैजाने देखिदैन । अहिले जतिपटक सरकार फेरिन्छ, प्रधानमन्त्रीबाट हट्नेले विदेशी शक्तिलाई देखाउने गरेका छन् । विदेशी शक्तिको चलखेलकै कारण आफ्नो सरकार ढलेको निष्कर्ष सुनाउने प्रवृत्तिका कारण नागरिकमा राजनीतिप्रति बितृष्णा बढ्दो छ । संभवतः विदेशीको दलाल भनिमाग्नबाट कोही पनि नेता अछुतो छैनन् । हरेक प्रधानमन्त्री विदेशीको दलाल भएर विदा भएका छन् । यस्तो भाष्य सिर्जना गर्दै जाँदा राज्य र सरकारप्रति नागरिकको धारणा सही बनिरहेको छैन । त्यसैले क्षणिक जितका निम्ति निन्दाको राजनीतिलाई निरन्तरता दिने प्रवृत्ति त्याग्न जरूरी छ । आजको सभ्य राजनीतिले स्वयं नेताहरूलाई पनि सुरक्षित गर्नेछ ।

# अमेरिका र चीन व्यापार युद्ध कहिलेसम्म ?

अग्रलेख



● डा.सुमनकुमार रेग्मी

जुलाई ३१ २०१८ देखि जारी अमेरिका -चीन व्यापार युद्धको अन्त्यको उपाय निकाल्दा चिनियाँ र अमेरिकी व्यापार मध्यस्थकर्ताको वार्ता अमेरिका र चीनमा पटकपटक हुँदै आएको छ । तर, कहिलेकाहीँ वार्ता ओझेलमा पर्दै आएको पनि देखिन्छ । व्यापारमा समस्या देखिएको भन्दै पटक-पटक अमेरिका र चीनले धेरै मूल्यका सामग्रीको कर वृद्धिमा होडबाजी पनि गर्दै आएका छन् । मुख्य चुरो विषय यही रहँदै आएको छ । अमेरिकाले चिनियाँ सामानको निर्वाध र खुकुलो प्रवेशको कारण व्यापार असन्तुलन चरम अवस्थामा पुगेको तथा अमेरिकी प्रविधि चीनले चोरी गरेको आरोप लगाउने गर्छ । चीन सरकारले अमेरिकी कृषिजन्य उत्पादन खरिद गर्ने प्रतिबद्धता जनाएको छ तर, महिनौंदेखि कतिपय सामग्री नकिनेको अमेरिकाको आरोप छ । बताईन्छ की चीनसँगको समस्या नै एकअर्कामा विश्वासघात हो । अमेरिकाले शुरुदेखि नै तनावमा रहेको वार्तालाई सहजीकरण गर्न सहयोग नगरेको बताईन्छ ।

अमेरिकाले विश्व व्यापार संगठनमा चीनले पाइरहेको विकासशील देशको दर्जा हटाउने भन्दै आएको छ । आठ वर्ष अघि सन् २०१६ मा आएर अमेरिकाले चुनाव अगाडि चीनसँग व्यापार सम्झौता गर्न सक्ने बताईएको थियो । चुनाव लगतै चीनसँग व्यापार सम्झौता गर्न सकिने पनि भनिएको थियो । चीनले पनि तत्कालीन राष्ट्रपतिले चुनाव जित्ने बताएको थियो । सन् २०२० को चुनाव पछि यो सम्झौता भएमा झनै कडा शर्तमा व्याापार हुने आंकलन गरिएको थियो । २०२४ को चुनाव पछि मोड कता जानेछ भन्ने प्रश्न यतिबेला छ । यदि चुनावपछि यो थप सम्झौता भएमा ठलो हानी हुने मानिएको थियो । यस किसिमको सम्झौता यो भन्दा पहिले कहिल्यै भएको आंकलन गरिएको थिएन । अमेरिका र चीनबीच हुँदै आएका वार्तामा विश्वका दुई ठूला अर्थतन्त्रबीच सन् २०१८ पछि चलीरहेको व्यापार युद्ध अन्त्य गर्ने वार्ता लम्बिने देखिन्छ ।

अमेरिका र चीनबीचको व्यापार वार्ता जनवरी २०१८ देखि २०२४ आउँदासम्म पटक-पटक हुँदै आएका छन् । यस्तो वार्ता कहिले अमेरिका र कहिले चीनमा हुने गर्छ । दुवै देशबीच व्यापार विवाद सुल्झाउन व्यापार वार्ता हुँदै आएको छ । यस्तो वार्तामा बौद्धिक सम्पत्ति, जबर्जजस्ती प्रविधि हस्तान्तरण, कृषि, सेवा, खरिद र कानन कार्यान्वयनलगायत विषयमा छलफल हुने गर्छ । तर, हरेक पटकका व्यापार वार्ता पछि दुवै देशले कर बढाउने अभिव्यक्ति दिने गर्छन् । अमेरिकी प्रविधि चीनले चोरेको, बौद्धिक सम्पतिको संरक्षण गर्न नसकेको, चिनियाँ बजार विदेशी कम्पनीका लागि खुल्ला नगरेको लगायतका आरोप अमेरिकाले चीनलाई लगाउने गरेका छन् ।

मे ११, २०१९ तिर अमेरिकाले २५ प्रतिशतका दरले दई सय अरबका सामानमा कर बढाएकाले विश्वका यी दुई ठूला अर्थतन्त्रले विश्वमा नै मच्चाएका थिए । यसले विश्वमा तनाव ल्याएको थियो । सो तनावले तेल खपत गर्ने देशलाई पनि असर पार्दै आएको थियो र सो असर अहिले पनि छ । चीन र अमेरिका बौद्धिक सम्पत्ति र प्रविधि मुद्दाहरुमा देखिन्छन् । अमेरिकाको माग सबै सम्बोधन हुनेगरी अमेरिका र चीन व्यापार हुन नसक्ने स्वयम् केही अमेरिकन नै बताउँछन् ।



*अमेरिका र चीनबीच चलिरहेको व्यापार युद्ध भारतका लागि निर्यात बढाउने एउटा ठूलो अवसरका रूपमा देखिँदै आएको थियो । यो अवसरको फाईदा उठाएर भारतले अमेरिका र चीन दुवै देशमा रसायन तथा ग्रेनाईटसहित ३ सय ५० उत्पादन निर्यात गर्न सक्छ ।*

अमेरिकाले २५० अर्ब डलरका सामानमा अक्टुबर १, २०१९ देखि बढाउने भनेको कर केहीको लागि रोकिएको भनिएको थियो ।

### विचारणीय पक्ष

चीनले अमेरिकासँग आफू लामो अवधिको लागि व्यापार युद्ध लड्नका लागि तयार भएको जनाउँदै आएको छ । चीनले अमेरिकामा विश्वबाट रेयर अर्थ आपूर्ति मध्येको ८० प्रतिशतको हिस्सा लिँदै आएको अवस्थामा चीनले रेयर अर्थको आपूर्तिका उद्योगका नीतिहरुका संगालो सार्वजनिक गर्ने भन्दै आएको थियो । चीनले प्राकृतिक स्रोतलाई अमेरिकाविरुद्ध हतियारका रुपमा प्रयोग गर्न सक्ने देखिन्छ । १७ वटा तत्वका रेयर अर्थका सम्मिश्रणको पदार्थ स्मार्टफोन, हस्पीटल स्क्यानर, परमाणु उर्जा स्टेशन र एलईडी लाईटका लागि प्रयोग हुँदै आएको छ ।

अमेरिकामा आयात हुने रेयर अर्थमा २०१४ देखि २०१७ सम्मको अवधिमा चीनको हिस्सा ८० प्रतिशत रहेको थियो । चीनले यस्ता खनिजका बिक्रीमा प्रतिबन्ध लगाउने भनाई राख्दै आएको थियो । त्यसै अनुरुप अमेरिकाले पनि यसको विकल्पका रुपमा तयार रहेको जनाउँदै आएको थियो । अमेरिकाले चिनियाँ हुवावे कम्पनीमाथि अमेरिकी कम्पनीबाट पार्टस र प्रविधि खरिद गर्न रोक लगाएपछि रेयर अर्थलाई हतियारका रुपमा प्रयोग गर्ने विचार चर्चामा आएका पाइन्छ । चीनको रणनीतिक स्रोत भएका कारण प्रस्तावित नीतिको रेयर अर्थको प्रयोग र प्रवर्द्धनमा विशेष जोड र मूल्य राख्ने बताउँदै आएको देखिन्छ ।

चीन र अमेरिका हरेक पटकका वार्तामा सम्मान र समानताका आधारमा आर्थिक तथा व्यापार विवादमा परामर्शद्वारा ताजगी ल्याउन चाहान्छन् । व्यापार युद्धपश्चात चीन र अमेरिकाबीच १२ चरणभन्दा बढी वार्ता भईसकेका छन् । ६ बर्ष भन्दा बढीको अमेरिका र चीनबीचको व्यापार युद्ध जी १९ का समुहमा राख्दा वा अन्तर्राष्ट्रियकरण गर्दापनि समाधान भने भएको छैन् ।

### व्यापार वार्ता टुङ्गीएला त ?

विगत ६ वर्षदेखि भईआएको जारी अमेरिका तथा चीन व्यापार युद्ध अन्त्य गर्नको लागि सम्भावित उपाय निकाल्न दुई देशबीच पटकपटक भएका बैठक रचनात्मक भनिदै आएको छ । अमेरिकाले चीन पक्षमा निर्णय लिई आएको अमेरिकाले भन्दै आएको छ । जापानमा दुई देशबीच भएको वार्ता सहमतिअनुसार दुवै पक्षले महत्वपूर्ण तथा प्रभावकारी तरिकाले वार्ता भएको बताईएको थियो । दुई पक्षीय सम्बन्ध र सहकार्यलाई नयाँ उँचाईमा पुऱ्याउने विश्वास लिईएको थियो । यो भेटवार्ता जापानमा जी २० को शिखर सम्मेलनमा भएको थियो । यस सम्मेलनमा नै अमेरिकाले चीनमाथी थप कर वृद्धि गर्ने प्रतिकृया दिएको थियो ।

अमेरिका र चीनबीच चलिरहेको व्यापार युद्ध भारतका लागि निर्यात बढाउने एउटा ठूलो अवसरका रुपमा देखिँदै आएको थियो । यो अवसरको फाईदा उठाएर भारतले अमेरिका र चीन दुवै देशमा रसायन तथा ग्रेनाईटसहित ३ सय ५० उत्पादन निर्यात गर्न सक्छ । अमेरिका र चीनबीच व्यापार युद्ध भईरहेको अवस्थामा भारतले यी दुई देशमा निर्यात गर्न सक्ने वस्तुका पहिचान गरेको देखियो । अमेरिका र चीन दुवै देशले एकअर्काको उत्पादनमा ठूलो परिमाणमा आयात शुल्क लगाउँदै आएका थिए । अमेरिका र भारतबीचको व्यापार युद्ध भारतका लागि अमेरिका तथा चीनमा निर्यात बढाउने ठूलो अवसरका रुपमा लिन थालिएको छ ।

डिजेल, एक्स रे, ट्यूब तथा केही रसायनसहित १ सय ५१ उत्पादनलाई भारतले चीनमा निर्यात गर्न सक्ने भनिएको छ । पहिले चीनले यी वस्तुहरु अमेरिकाबाट आयात गर्दै आएको थियो । अमेरिकाले केही वस्तुहरु व्यापार युद्ध अगाडि चीनबाट आयात गर्दै आएकोमा युद्ध दौरानकालमा अमेरिकाले यस्ता वस्तु भारतबाट आयात गर्दै आएको थियो । अमेरिका र चीनबीचको युद्धले भारतलाई फाइदा हुने देखिन्छ ।

## सामाजिक सञ्जाल



- कृष्ण घिमिरे

समस्त सामाजिक आर्थिक परिवेश र ३५ वर्षे संसदीय व्यवस्थाको इतिहासमा पुरै असफल देखियो । संसदीय व्यवस्था उत्तम हो तर महँगो । नेपाली राजनीतिमा आयामिक दुरुपयोग । परिणाम देश र जनताको हित भएन । विसंगत प्रतिनिधि संस्थाले चुनेको शासन भन्दा प्रतक्ष्य निर्वाचित कार्यकारी उपयुक्त हो कि ! सोचनीय ।



- मुमाराम खनाल

नेपाली काँग्रेस, नेकपा-एमाले, नेकपा-माओवादी र मधेशवादी दलहरूले लोकतन्त्र र नेतृत्वको प्राधिकारबारे मजाले सिकाएकै थिए । नागरिक उन्मुक्ति र राष्ट्रिय स्वतन्त्र पार्टीले त लोकतन्त्र, दल तथा शिर्ष नेताहरु सँगै बाच्ने र सँगै मर्ने विषय बनाएर नेपाली लोकतन्त्रलाई नै नयाँ उचाईमा उठाए ।



- चन्द्र भण्डारी

नेताको उमेरले राजनीतिलाई निर्धारण गर्दैन, मुलुक बनाउन देख्ने सपनाले गर्दछ त्यस्तै टाउकाले विचार बनाउँछ पुच्छरले माखा धपाउछ तसर्थ नेता सधै टाउको बन्नु पर्दछ ! व्यक्तिगत सपना छोडेर सामुहिक राष्ट्रिय सपना बुनौं जसले हामीलाई इतिहासमा जस्तै विश्व नेतृत्वमा पुऱ्याउँछ ।



- बद्री विनोद खनाल

मन्त्रिपरिषद्को निर्णय कर्मचारीले अवज्ञा गर्छन् भने सविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गरि यो संसद तुरून्त भंग गरेर निर्वाचनको मिति तोकियोस । नत्र यो अराजकताले सीमा नाघ्नेछ, दुईतिहाईको सरकार भने पनि यो कामगर्न पाउने सरकार रहेनछ । देख्नाको डाल खानाको काल के हेर्नु ?

# टिकटक पुरानै लयमा

विचार



● तारा पौडेल

पुष्पकमल दाहाल नेतृत्वको अघिल्लो सरकारले सामाजिक र नियमन लगायतका विषय औंल्याउँदै प्रतिबन्ध लगाएको टिकटकले नेपालमा पुनः आफ्नो लय लिन शुरु गरेको देखिन्छ । सामाजिक सञ्जालको रुपमा भिडियो प्लेटफर्मका बाबजुद धेरै व्यवसायी, प्रतिभा, शिक्षा लगायतका विषयहरुको राम्रो सञ्चारको माध्यम बनेको टिकटक विगतको तुलनामा परिस्कृत भएर अगाडि बढेको देखिन्छ । यतिमात्रै नभएर टिकटकले नेपालमा नै आफ्नो कार्यालय खोलेर आफ्नो प्लेटफर्मलाई नेपालको कानूनको मातहतबाट थप विस्तार एवं संरक्षित गर्ने प्रयास पनि गर्न खोजेको छ ।

टिकटकमाथि प्रतिबन्ध लगाइएको समय देखि यसका उपयोगकर्ताहरुले दोहोरो प्रतिक्रिया दिने गरेका थिए । केहीले सामाजिक सञ्जाल बन्द गर्ने विषयलाई स्वतन्त्रताको विषयसँग जोडेर हेर्ने गरेका थिए भने केहीले सामाजिक सञ्जालहरु नेपालको समाज र कानून अनुकुलन सरकारले चालेको कदम सकारात्मक रहेको जनाएका थिए । यद्यपी टिकटकले पनि सरकारको कदमलाई सकारात्मक रुपमा लिएर सामाजिक र कानुनी प्रतिबद्धतासहित आफ्नो सेवा पुनः विस्तार गर्न तयार भएर आएको छ ।

तथ्यांकीय हिसाबले एकीन नभएपनि टिकटक शिक्षा, स्वास्थ्य, सञ्चार, खोज, प्रतिभा लगायतका धेरै विषयहरुको लागि राम्रो प्लेटफर्म बनिरहेको देख्न सकिन्छ । त्यतिमात्रै नभएर अझ महत्वपूर्ण विषय टिकटक साना व्यवसायी र उद्यमीहरुको लागि धेरै महत्वपूर्ण माध्यम बन्न पुगेको देख्न सकिन्छ । यद्यपी टिकटकलाई सञ्चार उद्यमदेखि धेरै ठूला व्यवसायहरुले पनि आफ्नो महत्वपूर्ण प्लेटफर्मको रुपमा प्रयोग गरेका छन् ।

व्यवसाय र प्रतिभा प्रस्तुतीको हिसाबले टिकटक युवाहरुको बीचमा टिकटक एक प्रमुख मञ्च बन्ने संकेत दिएको छ । बन्द भएको टिकटक पुनः सञ्चालनमा आएपछि, युवाहरुको आबद्धत फेरि पुरानै लयमा पुग्न गएको देखिन्छ । टिकटकले युवाहरुलाई लक्षित गर्दै छोटो भिडियो सामग्री निर्माण गर्न सहयोग गर्छ । जसमा नृत्य, गीत, कला, शिक्षा, हाँसो, व्यवसाय, खोज, वातावरण, जीवनशैली लगायत धेरै विषयलाई छनौट गर्न सकिन्छ । यसले गर्दा, टिकटक एउटा मात्र मनोरञ्जनको साधन नभइ एक सहज भिडियो सञ्चार मञ्चको रुपमा अन्य सामाजिक सञ्जालको तुलनामा धेरै स्थापित हुने अनुमान गर्न सकिन्छ ।

अहिलेको समयमा टिकटकले विभिन्न प्रकारका चलन र ट्रेन्ड्सलाई पनि जन्म दिएको छ । जसले मानिसहरुको सोच्ने परम्परागत तरिकालाई नै बदल्दिन सहयोग पुऱ्याउन लागेको अनुमान गर्न सकिन्छ । साथै समाजमा तीव्र गतिमा प्रभावयोग्य साधनको रुपमा पनि यसको उपयोगिता अगाडि बढ्न खोजेको छ ।

नेपालको सांस्कृतिक विविधता र परम्परागत कला-व्यवसायहरूको प्रचार प्रसारमा टिकटकको ठूलो भूमिका हुन सक्छ । धेरै युवा कलाकार र संगीतकारहरु टिकटक मार्फत् आफ्नो कला प्रस्तुत गर्दै छन् । नेपाली लोक संगीत, लोक नृत्य र अन्य सांस्कृतिक पहिचानहरुको प्रवर्द्धनमा टिकटकले महत्वपूर्ण भूमिका निभाइरहेको छ । यसले नेपाली संगीत र नृत्यको विशेषताहरूलाई विश्वभर पुर्याउने सम्भावना पनि बढाएको छ भने परम्परागत गीत संगीतलाई संरक्षण गर्न पनि भूमिका निर्वाह गर्ने देखिन्छ ।

साथै, नेपाली व्यावसायिक क्षेत्रले पनि टिकटकको प्रभावलाई प्रयोग गर्न थालेका छन् । साना व्यवसाय र स्थानीय उत्पादनहरुलाई प्रवर्द्धन गर्नको लागि टिकटकलाई मार्केटिङको उपकरणको रुपमा प्रयोग गरेका छन् । यसले साना व्यवसायीहरूलाई ठूलो मार्केटमा आफ्नो उत्पादन र सेवाहरूको प्रचार गर्न मद्दत गर्न निकै सहयोग गरिरहेको छ । जहाँ मानिसहरुले आफ्नै घरमा वसेर वस्तु तथा सेवाको भरपुर जानकारी प्राप्त गरिरहेका छन् ।

पुनः टिकटकको सञ्चालनले नेपालको डिजिटल परिदृश्यमा एक नयाँ लय शुरु गरेको भए तापनि, यससँग सम्बन्धित चुनौतीहरू पनि रहेका छन् । एक त यस एपले मानसिक स्वास्थ्य र समाजिक व्यवहारमा के कस्तो प्रभाव पार्नेछ भन्ने कुरा अझै स्पष्ट छैन । युवा पुस्तामा यसको अत्यधिक प्रयोगले थुप्रै समस्याहरू सिर्जना गर्न सक्छ । मानिसहरुको शारिरिक श्रम र पारिवारिक तथा सामाजिक समयलाई यसले घटाइदिन सक्छ । यसोभए पनि, यदि यसलाई सन्तुलित र सही प्रयोग गरिन्छ भने टिकटक नेपालको डिजिटल मिडिया विकासमा ठूलो योगदान पुर्याउन सक्छ । यसले नेपाली संस्कृति र समाजलाई विश्वव्यापी मञ्चमा प्रस्तुत गर्नमा मद्दत पुर्याउने मात्र होइन, नयाँ नयाँ अवसरहरूको सिर्जना पनि गर्न सक्छ ।

नेपालमा टिकटकको पुनः आगमनले नयाँ लय र दिशाको संकेत दिएको छ । यो केवल एक मनोरञ्जनको साधन नभई एक शक्तिशाली सामाजिक र सांस्कृतिक मञ्चको रुपमा विकास भइरहेको छ । नेपाली युवाहरुले यसको माध्यमबाट आफ्नो प्रतिभा र सन्देशलाई विश्वसामु प्रस्तुत गर्नका लागि एक उत्तम प्लेटफर्म पाएका छन् । यसको सही र विवेकपूर्ण प्रयोगको महत्व पनि उस्तै रहन्छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | प्रसन्नतामा वृद्धि हुन्छ, स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : | लेनदेनमा सावधानी राख्नुस् र मनोबल उच्च रहन्छ । |
| मिथुन | : | सन्तान सुखमा वृद्धि हुन्छ र व्यवसायमा लाभ मिल्छ । |
| कर्कट | : | सन्तुलित आहार लिनुस किनकी पेट सम्बन्धी समस्याको योग छ । |
| सिंह | : | आर्थिक कार्यमा अनुकूल प्रगति हुन्छ तथा सन्तान सुख प्राप्त हुन्छ । |
| कन्या | : | खर्चमाथि नियन्त्रण राख्नुस । धार्मिक कार्यमा सहभागिता बढ्छ । |
| तुला | : | जग्गा खरीद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुन्छ । |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ तथा राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । |
| धनु | : | रुकावट पछि सफलता प्राप्त हुन्छ, फाल्तु तनावको योग छ । |
| मकर | : | सामाजिक जीवन प्रभावशाली रहनेछ, लेनदेनमा सावधानी रहनुहोला । |
| कुम्भ | : | राजकीय कार्यमा वृद्धि हुन्छ, मुकदमा सम्बन्धी समस्याको योग छ । |
| मीन | : | पारिवारिक सहयोग राम्रो रहन्छ, कार्य सफल हुन्छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

युु-१९ महिला एसिया कप

# नेपाल, भारत र पाकिस्तान एउटै समूहमा

**काठमाडौं/मस-** यु-१९ नेपाली महिला टोली विश्वकपका साथै यु-१९ एसिया कपका लागि पनि छनोट भएको छ। युनाइटेड अरब इमिरेट्स (यूएई) लाई बुधबार ८ विकेटले पराजित गर्दै नेपाल विश्वकपका लागि छनोट भएको थियो। विश्वकपमा छनोट भएसँगै नेपाल अर्को महिना एसिसीको आयोजनामा हुन लागेको पहिलो संस्करणको यु-१९ महिला एसिया कपका लागि समेत छनोट भएको हो।

एसियाली क्रिकेट परिषद (एसीसी)ले बुधबार यु-१९ महिला एसिया कपको मिति र खेलतालिका सार्वजनिक गरेको छ। जसअनुसार प्रतियोगिता डिसेम्बर १५ देखि २२ सम्म हुनेछ। प्रतियोगितामा ६ टोली सहभागी हुनेछ।

नेपाल भारत र पाकिस्तानसँगै समूह ए मा छ। बंगलादेश, श्रीलंका र मलेसिया समूहबी मा छन्। नेपालले पहिलो खेल डिसेम्बर १६ मा पाकिस्तानसँग र दोस्रो खेल डिसेम्बर १७ मा




भारतसँग खेल्नेछ। दुवै समूहको शीर्ष दुई टोली सुपर फोरमा प्रवेश गर्नेछ। सुपर फोरले सबैले एकअर्कासँग खेलेपछि शीर्ष दुई टोलीले फाइनल खेल्नेछ।

# उमा कुङफुमा राई निर्विरोध

**काठमाडौं/मस-** नेपाल उमा कुङफु संघको पाँचौं साधारण सभाले संजितकुमार राईको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कार्यसमिति बुधबार निर्विरोध चयन गरेको छ। यसअघि उनी केन्द्रीय कार्यसमितिमा उपाध्यक्ष थिए। संजित संस्थापक सदस्य पनि हुन्।

संजितले दुई अन्तर्राष्ट्रिय प्रतियोगितामा २ स्वर्ण र १ कांस्य जितेका छन्। उनले सन् २०२२ मा स्लोभेनियामा भएको विश्व मार्सल आर्ट्स गेम्समा १ स्वर्ण र १ कांस्य तथा २०२४ मा अमेरिकाको न्युजर्सीमा भएको ब्याटल अफ ड्रागन मार्सल आर्ट्स च्याम्पियनसिपमा स्वर्ण जितेका थिए। राष्ट्रिय उमा कुङफु प्रतियोगिताको दुई संस्करणमा संजितले २ स्वर्ण जितेका छन्।

भारत, अस्ट्रिया र जर्मनीमा भएको प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेका संजितले विभिन्न घरेलु प्रतियोगितामा



मुख्य निर्णायका रुपमा पनि काम गरेका थिए।

केन्द्रीय कार्यसमितिको उपाध्यक्षमा रमेश महर्जन, सिद्धार्थ लामा तामाङ, मुन्नी सुवेदी तामाङ, राजदिस नेम्कुल, भूपेन्द्र गुरुङ र अनिमेशलाल श्रेष्ठ रहेका छन्। कमल मगरले महासचिव, कृष्णकुमार मगरले सचिव र सूर्य तामाङले कोषाध्यक्षको जिम्मेवारी पाए। गुना गुरुङ, रत्न थापा राणा, रोजी श्रेष्ठ, शेरबहादुर गुरुङ र सुजन कक्षपति सदस्यमा चयन भए।

साधारण सभामा नेपाल राष्ट्रिय मार्सल आर्ट्स गेम्स संघका अध्यक्ष सुदिप पण्डित क्षेत्रीलगायतको उपस्थिति रहेको थियो।

# विश्व शारीरिक सुगठनका पदक विजेताको स्वागत



**काठमाडौं/मस-** नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासंघले १५औं वर्ल्ड बडिबिल्डिङ एन्ड फिजिक स्पोर्ट्स च्याम्पियन्सिपका पदक विजेता खेलाडीसहितको टोलीलाई बुधबार स्वागत गरेको छ। टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि विभिन्न स्थानमा नगर परिक्रमा पनि गराइएको थियो।

माल्दिभ्समा कात्तिक २० गतेदेखि २५ गतेसम्म भएको प्रतियोगितामा ४ खेलाडीले नेपाललाई पदक दिलाएका थिए। चारैले रजत पदक जितेको महासंघका सचिव दिनेश राजभण्डारीले जनाएका छन्। छ खेलाडीले सहभागिता जनाएका थिए। ललित धिमाल र रन्जित आचार्यले पनि प्रतिस्पर्धा गरेका थिए।

विश्व बडिबिल्डङ एन्ड फिजिक स्पोर्ट्स फेडरेसन्ससँगको सहकार्यमा बडिबिल्डिङ एसोसिएसन अफ माल्दिभ्सद्वारा आयोजित प्रतियोगितामा रुजेश शाहीले पुरुष ६० केजी, प्रज्ज्वलमान शाक्यले पुरुष मास्टर्स ४० वर्षमाथि, रजनी श्रेष्ठले महिला ५५ केजीमाथि तथा सनम मुलगुठीले महिला वान पिस स्विमसुटमा रजत जितेका थिए।

# भ्याली पब्लिकको दोहोरो जित




**काठमाडौं/मस-** काठमाडौंमा जारी टिआईए अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको तेस्रो दिन भ्याली पब्लिक स्कुलले दोहोरो जित निकालेको छ।

बुढानिलकण्ठस्थित टिआईएको कोर्टमा भएको खेलमा भ्याली पब्लिकले छात्रतर्फ ज्ञानोदय र छात्रातर्फ चाँदबाग स्कुललाई हरायो। छात्रतर्फको खेलमा भ्याली पब्लिक स्कुलले ज्ञानोदयलाई ५०-४१ स्कोरले हरायो। भ्याली पब्लिकको जितमा पासाङ शेर्पाले १८ स्कोरको योगदान गरे। छात्रातर्फ प्रकृति खड्काले ८ स्कोरको योगदान दिंदा चाँदबागलाई २८-१५ ले पराजित गऱ्यो।

प्रतियोगिताअन्तर्गत बुधबार भएका अन्य खेलमा छात्रातर्फ मिल्सबेरी, ग्रिनल्याण्ड र एनसीसीएस विजयी भए। मिल्सबेरीले दुर्गा भवानी स्कुललाई, ग्रिनल्याण्डले ज्ञानोदयलाई र एनसीसीएसले टिआईएको ए टिमलाई हरायो। छात्रतर्फ गेटवे एकेडेमीले ज्ञान निकेतनलाई ५०-४३ ले र निम्स स्कुलले सेब स्कुललाई ३६-२३ स्कोरले हरायो।

## बीमालेख हराएको सूचना

मिति २०८१/०५/१७ गते चाबहिल देखि नेपालटारसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सानिमा रिलायन्स लाईफ इन्सुरेन्सको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिन हुन अनुरोध गर्दछु।

नाम : चन्दिका उप्रेती
बीमालेख नं. ३०३०००००७८२
ठेगाना : तारकेश्वर-११, नेपालटार
सम्पर्क : ९८६३२६२७०७

## साउदी र युएईमा रोजगार

कम्पनी : AAMALCOM OPERATION LIMITED | शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०७/२८ | चलानी नं.: ६०२२७९५५ | LT. No.: 313570

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 15 | 0 | स. काममा दक्ष | 1200 | ४३,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ६ गते (21 November 2024) मा हुनेछ।

कम्पनी : ADVANCED PETRO SERVICES L L C | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/२८ | चलानी नं.: ६०२२७९५४ | LT. No.: 313574

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | स. काममा दक्ष | 900 | ३३,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ७ र ८ गते (22 & 23 November 2024) मा हुनेछ।
अन्तर्वार्ता सल्हेश ट्रेनिङ सेन्टर, सिराहामा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ।
अन्तर्वार्ता शिभम ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ।
अन्तर्वार्ता शाखा कार्यालय, इटहरी, सुनसरीमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Seagull International Global H.R. Consultants Pvt. Ltd. | इजाजत नं.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824, 9808818851
984178115, 9851015421, 9808818851, 9816060051 E-mail: cm.seagull55@gmail.com

## यूएईमा रोजगार

कम्पनी : PREFERRED GUARD SERVICES | शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०७/२८ | चलानी नं.: ६०२२७९५३ | LT. No.: 313537

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guards | 60 | 0 | | 1500 | ५५,०२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ६ गते (21 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

EAGLE MANPOWER CONSULTANT PVT. LTD. | License No.: 1606/079/080
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal, Head Office. : 01-5912955 , Butwal Branch: 071-533111
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np

## ओमन र साउदीमा रोजगार

कम्पनी: MODERN METAL INDUSTRIES LLC | शहर: Oman
पूर्व स्वीकृत मिति: २०८१/०७/२७ | चलानी नं.: ६०२२७९१७ | LT. No.: 313496

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Arc Welder | 3 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४२,०८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Welding Oxygen | 3 | 0 | | 120 | ४२,०८४ | | | | | | | |

कम्पनी: DOUGRA FOR MAINTENANCE & CLEANING EST | शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८०/०४/१२ | चलानी नं.: ६०२०५३०२ | LT. No.: 290077 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Roofs Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४६,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ६ गते (21 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

मदरल्याण्ड ओभरसिज प्रा. लि. | श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, Fax: 436474
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com, Website:www.motherlandoverseas.com

## शे-फोक्सुण्डो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/०७/२९**

यस कार्यालयबाट मिति २०८१/०६/११ गते जन सवाल दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रूपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र.सं. | बोलपत्र/ठेक्का/प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | SPRM/NCB/DOP/WORKS/2081-082-08 | Pugmo-Chaartaal-Perikappuwa-She gumba paryatakiya Padmarga Nirman | Dolpo Construction & Orders Suppliers, Shey-Phoksundo RM-08-Dolpa | 25,79,786.50 |

**प्रमुख प्रशासकीय अधिकृत**

## धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिमम प्रदेश, नेपाल

### ढुंगा, गिट्टी, वालुवा, भरान र ग्राभेलको बिक्री कर संकलनका लागि विद्युतीय बोलपत्र वा HARD COPY आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०७/२९**
**ठेक्का न. R 6/DSMC/081/082**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ (क) बमोजिम धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने मोहना, खुटीया र शिवगंगा नदी/खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेका १३ वटा घाट स्थलहरूबाट धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ अनुसूची १३ बमोजिम ढुंगा, गिट्टी, बालुवा, भरान र ग्राभेलको संकलन र उत्खननमा बिक्री कर (रोयल्टी) संकलन गर्नका लागि ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि सूचना बमोजिमको शर्तको अधिनमा रही विद्युतीय बोलपत्र वा HARD COPY आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै यो सूचनाको विस्तृत विवरण धनगढी उ.म.न.पा. को वेभसाइट www.dhangadhimun.gov.np वा www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरगञ्ज, पर्सा
मधेश प्रदेश नेपाल

### वडा नं. ३१ भेडाहा खोलाबाट नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

**(दोश्रो पटक प्रकाशित मिति :- २०८१/०७/२९)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, मधेश प्रदेश आर्थिक ऐन, २०८१ र वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १४ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी वीरगंज महानगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनिहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी बोलपत्रमा उल्लिखित शर्तहरूको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं | ठेक्काको नाम | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ४/२०८१/०८२ | भेडाहा खोला नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिकि वितरण | ५४,२०९.५ | रु.१,०८,४१,९००।- (अक्षरेपी एक करोड आठ लाख एकचालिस हजार नौ सय रुपैयाँ मात्र) | कबोल अंकको ५ प्रतिशत | रु. ५,०००।- |

**नोट :-** शर्त एवं विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाईट birgunjmun.gov.np वा वी.म.न.पा. राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क गर्न जानकारी गराईन्छ।



अडिग कुलमान

# बक्यौता नबुझाए १५ दिनपछि पुनः लाइन काट्ने

छवि सापकोटा/मध्यान्ह
काठमाडौं, २८ कात्तिक ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले १५ दिनभित्र बक्यौता नतिरे उद्योगहरुको लाइन फेरि काटिने बताएका छन् । काठमाडौंमा बुधबार आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक घिसिङले जनतालाई अँध्यारोमा राखेर उद्योगीलाई दिइएको बिजुलीको बक्यौता कानून बमोजिम उठाइने बताएका हुन् । उनले अबको १५ दिनभित्र पनि बक्यौता नउठे प्रक्रियाअनुसार अघि बढ्नुको विकल्प नहरेको बताए ।

'मन्त्रिपरिषद्को निर्देशनअनुसार बक्यौता नतिरेका उद्योगीको लाइन जोडिएको छ, अब उद्योगीहरुले बक्यौता बुझाउनुपर्छ, फेरिपनि आलटाल गरे प्रक्रियाअनुसार अघि बढ्छौं', कार्यकारी निर्देशक घिसिङले भने, 'यसबीचमा बक्यौता उठाउन सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलगायत सबैले सहयोग गर्नुपर्छ ।' प्राधिकरणले बक्यौता बुझाउनका लागि उद्योगीलाई किस्ताबन्दीको सुविधा दिएको भए पनि उद्योगीहरुले त्यसको सदुपयोग नगरेको भन्दै अबको १५ दिनभित्र बक्यौता नबुझाए यो विषय सरकार, ऊर्जा मन्त्रालय र प्राधिकरणको सरोकार मात्रै नभई जनसरोकारको विषय बन्ने बताए । 'लाइन काट्ने, पुनः जोड्ने तर बक्यौता नउठ्ने विषय अब रहन हुँदैन, बक्यौतासम्बन्धी समस्या समाधानको चरणमा पुगेको अवस्थामा प्राधिकरणले सरकारको निर्देशन मानेको हो', उनले भने ।

प्राधिकरणबाट डेडिकेटेड र ट्रंक लाइन सुविधा लिएकामध्ये २८ बाहेक अन्य उद्योगीले नियमित महसुल तिरिरहेको भन्दै कार्यकारी निर्देशक घिसिङले ठूला घरानाका उद्योगले महसुल नतिर्दा ग्राहकले पनि शुल्क तिर्न गाह्रो मानिरहेको बताए, पत्रकार सम्मेलनमा घिसिङले भने ' हामीले मन्त्रिपरिषद्को निर्णयानुसार उद्योगहरुमा पुनः लाइन जोडेका छौं । यसअघि पनि ३ पटक उद्योगहरूको लाइन विच्छेद गरेका थियौं, तर सरकारको निर्देशनमा पुनः लाइन जोडियो, ४ औं पटक कात्तिक ८ गते लाइन काटियो, सरकारले १५ दिनभित्र बक्यौता उठाउने गरी लाइन जोडिएको छ । '

नेपाल विद्युत प्राधिकरणले १५ दिनभित्र बक्यौता उठाउने सर्तमा काटिएको उद्योगको लाइन जोडेको छ । सरकार र प्राधिकरणको रस्साकस्सीपछि मंगलबार प्राधिकरण सञ्चालक समितिको बैठकले कात्तिक ८ गतेदेखि काटिएको उद्योगको लाइन जोड्ने निर्णय गरेको थियो । त्यसभन्दा अघि आइतबार मन्त्रिपरिषद् बैठकले उद्योगको लाइन जोड्नका लागि प्राधिकरणलाई दवाव दिएको थियो । तर, प्राधिकरणका कार्यकारी निर्देशकले घिसिङले लाइन काट्ने र जोड्ने कार्यले अर्बैंको बक्यौता उठ्न नसकेको बताइरहेका छन् । ३ सय ३४ उद्योगहरु डेडिकेटेड तथा ट्रंकलाइन लिएका थिए । डेडिकेटेड तथा ट्रंकलाइन लिएका अधिकांशले महसुल चुक्ता गरेको अवस्था छ । ६ वटा उद्योगले किस्तामा बक्यौता तिर्न शुरु गरेको छन् । ७ वटा स्टे अर्डरमा रहेको अवस्था छ भने २८ वटा उद्योगले मात्र महसुल तिरेका छैनन् ।

# द्रुतमार्गको काम तीव्र गतिमा



**काठमाडौं/मस –** प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजनाको हालसम्मको कार्य प्रगति सन्तोषजनक रहेको जनाउँदैले समयमै पूरा हुने विश्वास लिएको छ । समितिका सभापति रामहरि खतिवडाको नेतृत्वमा रहेको संसदीय टोलीले बुधबार गरेको अनुगमनबाट सोचेभन्दा राम्रो प्रगति हासिल भएको निष्कर्ष निकालेको हो । समिति सभापति रामहरि खतिवडाले द्रुतमार्गको काम द्रुततर गतिमा भइरहेको बताए । उनले भने 'नेपाली सेना अहोरात्र खटेर आयोजना सम्पन्न गर्ने दिशामा अघि बढिहरको छ । केही व्यवधान छन् भने त्यसलाई छलफलका माध्यमबाट समाधान गर्न सकिन्छ । सन्तोषजनक रुपमा काम भएको छ । सेनालाई धन्यवाद दिन चाहन्छौं ।'

विकास निर्माणका लागि सबैले द्रुतगतिमा काम गर्ने हो भने मुलुक समृद्ध हुन धेरै समय नलाग्ने बताउँदै सभापति खतिवडाले भने, 'यहाँको प्राविधिक टोलीको काम हेर्दा सुरुङ निर्माण गर्न नेपाली सेना सक्षम हुने देखिएछ । गौरवका आयोजना समयमै सम्पन्न गर्न पाइएमा मुलुकले ठूलो लाभ लिन सक्छ ।' उनले राष्ट्रिय गौरवको सर्वाधिक महत्वको सो आयोजना निर्धारित समयमै सम्पन्न गर्न सरकारले आवश्यक साधन स्रोत उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

द्रुतमार्ग २०८३ चैत मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ । आयोजनालाई विभिन्न १३ वटा प्याकेजमा छुट्याएर निर्माण काम भइरहेको छ । प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको कूल लम्बाइ ७० दशमलव ९७७ किलोमिटर छ । द्रुतमार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर फराकिलो हुनेछ । आयोजना अन्तर्गत ललितपुरमा नौ, काठमाडौंमा चार दशमलव छ, मकवानपुर ४९ दशमलव ७७ र बारामा सात दशमलव सात दशमलव छ किमी सडक रहनेछ । द्रुतमार्गमा १० दशमलव ३०९ किमी लम्बाइको छ वटा सुरुङ रहनेछ । सो सडकमा विभिन्न स्थानमा कूल १२ दशमलव ८८५ किमी लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । बुदुनेमा दुई वटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इनटरचेन्ज र ट्राल प्लाजा निर्माण गरिनेछ । मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार सो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको थियो । एसियाली मापदण्डका आधारमा निर्माण भइरहेको सडक आयोजनाको लागत दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ लागत रहेको छ । सो आयोजनामा हालसम्म ६४ अर्ब ६२ करोड रुपैयाँ खर्च भइसकेको छ ।

# दुई स्टक ब्रोकर एशोसिएसनबीच मर्जर सम्झौता

**काठमाडौं/मस–** दुई ब्रोकर एशोसिएसनबीच मर्जर सम्झौता भएको छ । स्टक ब्रोकर्श एशोसिएसन र धितोपत्र ब्रोकर्श एशोसिएसनबीच मर्जर सभ्फौता भएको हो । उक्त सम्झौता पत्रमा स्टक ब्रोकर्श एशोसिएसनका तर्फबाट अध्यक्ष धर्मराज सापकोटा र धितोपत्र ब्रोकर्श एशोसिएसनका अध्यक्ष सागर ढकालले हस्ताक्षर गरे । दुई संस्था मर्जरसँगै स्टक ब्रोकर्श एशोसिएसनको नामबाट संचालनमा आउने छ । पछिल्लो समय सेयर बजारमा देखिएको विकृति र विसंगतिलाई हटाउँदै बजारको विकाश र विस्तार गर्नका लागि दुई संस्थाहरु एक भएर अघि बढ्नु परेको धितोपत्र ब्रोकर एशोसिएशनका अध्यक्ष सागर ढकालले जानकारी दिए ।




'२०७९ सालमा नयाँ धितोपत्र व्यवसायीहरुलाई अनुमतिपत्र दिएसँगै जुन किसिमको ध्रुविकरण नयाँ र पुरानाबीच देखिएको थियो त्यो ध्रुविकरण आजको यस ऐतिहासिक समझदारीसँगै समाप्त भएको छ,' उनले भने, 'यसले पक्कै पनि हाम्रो पुँजीबजारलाई र हामी यस बजारका प्रमुख साझेदार धितोपत्र व्यवसायीहरुलाई नयाँ दिशानिर्देश गर्नेछ र यस अवसरले हामीलाई हाम्रो व्यवसायिकता अभिवृद्धि गर्दै हाम्रो हकहित संरक्षणमा एकीकृत भई काम गर्ने वातावरणको सिर्जना गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।' साथै अक्सन मार्केट, मार्केट मेकर, सिसिपी लगायतका पूर्वाधार हरुको व्यवस्था गर्नुपर्ने हाम्रो बजारको टड्कारो आवश्यकता रहेको अध्यक्ष ढकालको भनाइ छ ।

सो कार्यका लागि नीतिगत रुपमै ऐन तथा नियमावली एवं विनियमावलीमा व्यवस्था गर्नको लागि एकीकृत भई लाग्ने समेत प्रतिबद्धता व्यक्त गरे । 'हाम्रो बजारमा सेटलमेन्ट ग्यारेन्टी फण्डलाई कार्यविधि नभएकै आधारमा लामो समयदेखि सञ्चालनमा ल्याउन सकेका छैनौं भने धितोपत्र व्यवसायीहरुको मर्जर कार्यविधि बन्न सकेको छैन,' उनले भने, 'मार्जिन लेण्डिङ्ग लाइसेन्स पाइसकेका धितोपत्र व्यवसायी साथीहरुले अस्पष्ट नीतिका कारण र पूर्वाधार अभावका कारण अझै पनि मार्जिन लेण्डिङ काम गर्न नसकिरहेको परिस्थिति छ । यी सबै विषयमा अब हामी एक भएपछि संयुक्त रुपमा काम गर्नेछौं ।'

उक्त संस्था मर्जरमा स्टक ब्रोकर्श एशोसिएसनका तर्फबाट मर्जर समितिका संयोजक पूर्वअध्यक्ष सन्तोषराज मैनाली रहेका छन् भने सदस्यहरुमा मदन पौडेल र सुयोग अधिकारी छन् भने धितोपत्र ब्रोकर्श एशोसिएसनका तर्फबाट मर्जर समितिका संयोजक महासचिव कृष्ण गिरी तथा सदस्यहरु सुमन कुमार मल्ल र सन्दिपबिक्रम राणा रहेका छन् ।

# फोटन माउन्टेन ईभी सार्वजनिक एकैपटक एक सय वटा डेलिभर




**काठमाडौं/मस–** फोटन नेपालले नेपालका लागि विशेष डिजाइन गरिएको आफ्नो उत्कृष्ट माउन्टेन ईभीको १०० वटा सवारी साधनहरु एकैपटक डेलिभरी गर्दै नेपाली बजारमा लन्च गरेको छ । नेपालको जटिल भौगोलिक आवश्यकताहरुलाई ध्यानमा राखेर निर्माण गरिएको यो ईभीमा ५३.५८ किलोवाट ब्याट्री समावेस गरेको छ, जसले पूर्ण चार्जमा ३०० किलोमिटरको सम्मको ड्राइभिङ रेन्जको दिने कम्पनीले जनाएको छ । साथै यसमा १३० किलोवाट अधिकतम पावर, ३३० अधिकतम टर्क र २५ प्रतिशत ग्रेडेबिलिटी रहेको छ ।

एमएडब्लू वृद्धि समूहका निर्देशक विवेक सिकरिया भने, ' आज हामी नेपाली बजारमा फोटन माउन्टेन ईभी भ्यान लन्च गर्न पाउँदा अत्यन्तै खुशी छौं, यो एक नवीनतम विद्युतीय सवारी साधन हो जसले नेपालको सवारी साधन क्षेत्रलाई नयाँ दिशामा लैजाने छ, नेपालका चुनौतीपूर्ण सडकहरूलाई मध्यनजर गर्दै माउन्टेन ईभी विशेष सुविधाहरुमा उपलब्ध रहेको छ ।'

एमएडब्लू वृद्धि समूहका सीईओ तुषार गुप्ताले भने, 'फोटन लगातार १९ वर्षसम्म चीनको शीर्ष ब्रान्डका रुपमा स्थापित रहेको, भारतमा सबैभन्दा धेरै ईभी बसको रुपमा बिक्री भएको ९ लाखभन्दा बढी व्यावसायिक सवारी साधनहरुको रुपमा निर्यात र दक्षिण अमेरिकामा अग्र स्थानमा स्थापित भएको कम्पनीको दाबी छ । जुन नेपालका लागि निर्माण गरिएको हो । माउन्टेन ईभी १४ देखि १६ सिटसम्मको विभिन्न मोडलहरुमा उपलब्ध छ ।


## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
कोशी प्रदेश नेपाल

### करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०७/२९ गते)**

उपरोक्त विषयमा नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता भई सञ्चालनमा रहेको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनः एकीकरण (ReMi) परियोजना स्वीस सरकार विकास सहयोग SDC को आर्थिक र Helvetas नेपालको प्राविधिक सहयोगमा सञ्चालित परियोजना हो । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई स्वदेशभित्रै सामाजिक तथा आर्थिक रूपमा पुनर्स्थापित गराउने मूख्य लक्ष्य लिएको उक्त परियोजनाको लागि सामाजिक र आर्थिक पुनःएकीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुँदा योग्य तथा अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि ReMi परियोजना कार्यान्वयन समितिको मिति २०८१/०६/०७ गतेको निर्णय बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | सामाजिक परिचालक | १ जना (तह पाँचौं महिला) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरेको ।<br>- वैदेशिक रोजगारीबाट फर्केको महिला हुनुपर्ने वा सो सम्बन्धी विषयमा कम्तिमा एक वर्ष काम गरेको अनुभव भएको ।<br>- स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ । |

(१) **कार्य अवधि:** हाललाई आ. व. २०८१/०८२ को मसान्तसम्म, परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्नेछ ।

(२) **परीक्षाको किसिम:** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता । (छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनःएकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन्) ।

(३) **आवश्यक कागजातहरु र दरखास्त दिने स्थान :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण बायोडाटा तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साईजको दुई प्रति फोटो, कम्तिमा कुनै पनि संकायमा १० जोड दुई उतिर्ण गरेको प्रमाणको साथमा आफूले आबेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित रामधुनी नगरपालिकाको कार्यालयमा कार्यालयको समयभित्र पेश गर्नुपर्नेछ । तोकिएको समय भन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

(४) **छनौट प्रक्रिया:** रीतपूर्वक समय सीमाभित्र पर्न आएका आवेदनहरुलाई चेकजाँच गरी परीक्षा समितिबाट स्वीकृत गराई लिखित परीक्षामा समावेश गराइनेछ र यसरी लिखित परीक्षाबाट उत्तिर्ण हुने परीक्षार्थीहरुलाई मात्र प्राथमीकरणको आधारमा कम्प्युटर प्रयोगात्मक परीक्षा र अन्तरवार्तामा समावेश गरिनेछ ।

(५) **दरखास्त दिने अन्तिम मिति:** मिति २०८१/०८/१३ गते बिहिबारका दिन कार्यालय समयभित्र बुझाउन सकिनेछ र आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।

(६) **दरखास्त दिने उमेर हद:** सामाजिक परिचालक पद १ (एक) तह पाँचौं महिला तर्फको लागि आवेदन दिन १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

(७) **दरखास्त दिने दस्तुर:** सामाजिक परिचालक पद १ (एक) तह पाँचौं महिल तर्फको आवेदनको दरखास्त दस्तुर रु. ५००/- पाँच सय रुपैयाँ मात्र लाग्नेछ ।

(८) उपरोक्त पदका लागि आवेदन फारम रामधुनी नगरपालिकाको रोजगार शाखा/प्रशासन शाखा वा पालिकाको वेबसाइट https://ramdhunimun.gov.np/ बाट डाउनलोड गरी लिन सकिनेछ ।

(९) तलब तथा अन्य सेवा सुविधा परियोजनाको नियम अनुसार हुनेछ ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**